जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २४२ • २०८० साल माघ १५ गते सोमबार (29 January, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-



## किर्ते नागरिकता प्रकरण

# मेयर सिंहमाथि कारबाहीको माग गर्दै वीरगञ्जमा प्रदर्शन

**टुडे समाचारदाता**

वीरगञ्ज । अवैध रुपमा पिता बनेर नागरिकता दिलाउने वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्ध आइतबार सिटी जुलुस प्रदर्शन गरिएको छ । सचेत नागरिक समाज वीरगञ्जले आयोजना गरेको सिटी जुलुस नगर परिक्रमा गरी कोण सभामा परिणत भएको थियो ।

वीरगञ्जको घण्टाघरबाट सुरु भएको जुलुस नगर परिक्रमा गरी पुनः घन्टाघरमा पुगेर कोण सभामा परिणत भएको थियो ।

मेयर सिंहको विरोधमा लेखिएको विभिन्न पम्पलेट बोकी निकालिएको सिटी जुलुसमा 'सर्वसाधारण जनता किर्ते गर्ने मेयर अनैतिक ठेकेदारहरुको देवता', 'टेण्डर सेण्डर सेटिङ,अर्काको छोरी गोजि भरी भेटी' हाम्रो वीरगञ्ज राम्रो वीरगञ्ज, नक्कली बाबु किर्ते कागज, लगायतको नारा लेखिएको प्ले कार्डको जुलुसले सिटी फुक्दै वीरगञ्जको मुख्य बजारमा प्रदर्शन गरेको थियो ।




नागरिकता किर्ते गर्ने मेयरलाई कारबाहीको माग गर्न अपिल गरिएका विभिन्न पर्चा पम्पलेट बोकेर सहभागीहरु प्रदर्शनमा उत्रिएका थिए । सिटी जुलुसमा 'प्रहरी मेरो साथी, किर्ते गर्ने मेयर कानुन भन्दा किन माथि' जस्ता प्रश्न सोधिएका ब्यानरहरु प्रदर्शनकारीले बोकेर प्रहरी प्रशासनमाथि पनि प्रश्न तेर्स्याएका छन् ।

मधेश प्रदेशमा हाल ५ वटा नगरपालिकाका मेयर निलम्बनमा रहेका छन् । गत कार्यकालमा गैर नेपालीलाई नागरिकताको सिफारिस गर्ने वीरगञ्ज महानगरपालिकाका २ जना वडाध्यक्ष निलम्बनमा परेका थिए । तर मेयर सिंहलाई कारबाही गर्न प्रशासन ढिलाइ गरेको आरोप लागेको छ ।

प्रदर्शन पछिको कोण सभामा बोल्दै स्थानीय नेताहरुले मेयर सिंह नक्कली बाबु बनेर जारी गरिएको नागरिकता खारेजीसँगै मेयरलाई कारबाही गर्नुपर्ने सरकारसंग माग गरेका थिए । वीरगञ्जको घन्टाघरमा भएको कोणसभालाई वीरगञ्ज महानगरपालिका वडा नम्बर १ का वडाध्यक्ष मनोज राउत कुर्मी, जनमत पार्टीका नेता मकुश द्विवेदी, शशिकपुर मिया, पूर्व कृषिमन्त्री करिमा बेगम, एमालेका नेता अजय गुप्ता, लियाकत अलि, नेपाली कांग्रेसका अनिल सिंह, जमिला खातुन, मिन्टु सिंह, किरण सरकार, नेविसंघका सभापति रमेश यादव लगायतले मेयर सिंहमाथि कारबाहीको माग गरेका थिए ।

मेयर सिंहले नक्कली बाबु बनेर रुबिना श्रेष्ठ नाम गरेकी युवतीलाई नागरिकता दिलाएको भन्दै मेयर सिंहविरुद्ध जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालयलगायत विभिन्न सरकारी निकायहरुमा छुट्टा-छुट्टै गरी १६ वटा जाहेरी परेको छ । आवश्यक कारबाहीको माग गर्दै वीरगञ्जलगायत राजधानी काठमाण्डुमा विपक्षी खेमाले नियमित दबाब बनाउँदै आएको छ ।

जिल्ला प्रशासनमा नै नागरिकता सम्बन्धी सम्पूर्ण कागजात रहने गरेकाले १५ दिन बितिसक्दा पनि छानबिन समितिले प्रतिवेदन पेश गरेको छैन् । मेयरलाई जोगाउन प्रशासनले छानबिन थालेको आरोप लगाइरहेका स्थानीयले संघर्षलाई अझ चर्काउने संकेत दिएका छन् ।

सिंहविरुद्ध जनता समाजवादी पार्टी( जसपा) बाहेक सबै दलका नेताहरु सक्रिय रुपमा लागेका छन् । उनीहरुले कारबाही नभए प्रशासन कार्यालय घेराउलगायतका विरोध कार्यक्रमहरु गर्ने चेतावनी दिएका छन् । नेपालमा गैरकानुनी रुपमा नागरिकता लिने, दिलाउने सबैलाई कारबाही हुने कानुनी प्रावधान रहेको छ । नागरिकता किर्तेको मुद्दा फौजदारी हुने भएकाले मेयर कारबाहीमा पर्दा निलम्बन हुने कानुन व्यवसायीहरुको तर्क छ ।

# मधेश प्रदेशमा ९ हजार प्रहरी समायोजन हुने

**टुडे समाचारदाता**


जनकपुरधाम । मधेश प्रदेशमा ९१५२ जना प्रहरी समायोजन हुने मधेश प

देशका गृहमन्त्री मो.सिमिमले जनाएका छन् । मधेश प्रदेशमा ९ हजार १ सय ५२ जनाको हाल दरबन्दी रहेको छ । प्रहरी समायोजन भएपछि प्रदेश सरकारले इन्सपेक्टरसम्मको पदमा भर्ना गर्ने छ ।

संघीय सरकारको गृह मन्त्रालय मातहत २४८२१ प्रहरी रहने छ । कोशीमा १०७१७, मधेशमा ९१५२, बागमतीमा ७३०४, गण्डकीमा ६७४५, लुम्बिनीमा ९४४३, कर्णालीमा ५४५८ र सुदूरपश्चिममा ५९०१ दरबन्दी राखिएको छ ।

प्रदेशमा डिएसपीसम्म समायोजन हुनेछ । प्रहरी प्रमुख डीआईजी, कार्यालयमा २ जना एसएसपी र १ जना तालिम केन्द्रमा एसएसपी रहने छ ।






# मधेस प्रदेशमा अधिक कुष्ठरोगी



**टुडे समाचारदाता**

काठमाण्डु । एकहत्तरौँ विश्व कुष्ठरोग दिवस आज देशभर विभिन्न कार्यक्रमका साथ मनाइँदैछ । 'कुष्ठरोगसम्बन्धी गलत धारणाको अन्त्य गरौँ, मर्यादित व्यवहार गरौँ' भन्ने मूल नाराका साथ जनवरी २८ अर्थात् आइतबार नेपालभर विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागिएको हो ।

कुष्ठरोग आँखाले देख्न नसकिने 'माइकोव्याक्टेरियम लेप्रे' नामक सुक्ष्म कीटाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने रोग हो । उपचार नगरेको कुष्ठरोग बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यतः श्वासप्रश्वासको माध्यामबाट यो रोग सर्ने गरेको पाइन्छ । स्वास्थ्य सेवा विभागका इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनी सुरुकै अवस्थामा रोगको निदान र उपचार गरेमा यो रोग अरुलाई नसर्ने र अपाङ्गता हुनबाट जोगाउने बताउछन् ।

महाशाखाले विभिन्न सरकारी तथा गैरसरकारी निकायसँगको सहकार्यमा गरेको अध्ययनमा आर्थिक वर्ष २०८९/८० मा देशभर दुई हजार पाँच सय २२ जना कुष्ठरोगका नयाँ बिरामी फेला पारेको छ । कुष्ठरोगका नयाँ बिरामीमध्ये सबैभन्दा धेरै मधेस प्रदेशमा रहेका छन् । मधेस प्रदेशमा कुल बिरामीको ३७ प्रतिशत अर्थात् नौ सय ४४ बिरामी रहेका छन् । यस्तै लुम्बिनी प्रदेशमा पाँच सय ६५, कोशी प्रदेशमा चार सय ७१, सुदूरपश्चिम प्रदेशमा दुई सय ३०, बागमती प्रदेशमा एक सय २०, गण्डकी प्रदेशमा एक सय १९ र कर्णाली प्रदेशमा ७३ जना कुष्ठरोगका बिरामी रहेको तथ्याङ्क छ ।

जिल्लाअनुसार हेर्दा कुष्ठरोगी बढी भएको जिल्लामा झापा, मोरङ, सिरहा, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारा, पर्सा, पश्चिम नवलपरासी, रुपन्देही, कपिलवस्तु, बाँके र कैलाली रहेका छन् । नयाँ बिरामीमध्ये महिला बिरामीको संख्या एक हजार ४९, बालबालिकाको संख्या एक सय ८१ रहेको देखिन्छ ।

विभागका कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका प्रमुख डा प्रशन्न नापित सरकारले कुष्ठरोगमुक्त नेपाल निर्माणका लागि 'राष्ट्रिय कुष्ठरोग रणनीति २०७८-२०८२' निर्माण गरी कार्यान्वयनमा लागेको बताउनुहुन्छ । रणनीतिको मुख्य उद्देश्य नै प्रदेश, जिल्ला र स्थानीय तहबाट कुष्ठरोग निवारण गर्ने उनको भनाइ छ । पछिल्लो समय तराई र विशेषगरी मधेस प्रदेशमा कुष्ठरोगका बिरामीको सङ्ख्या बढी देखिएपछि विभिन्न सरकारी तथा गैरसरकारी संस्था त्यस प्रदेशप्रति लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

सन् १९७५ देखि नेपालको कुष्ठरोग क्षेत्रमा काम गर्दै आएको एनआरएल नेपालले अहिले मधेस प्रदेशको महोत्तरी, सर्लाही र धनुषा जिल्लामा कुष्ठरोगको क्षेत्रमा काम गर्दै आएको छ । एनआरएल नेपालले कुष्ठरोग नियन्त्रण (पेप प्लस प्लस) कार्यक्रमअन्तर्गत महोत्तरी, सर्लाही र धनुषा जिल्लाका विभिन्न स्थानीय तहमा कुष्ठरोगका बिरामीसँगका सम्पर्क व्यक्तिको पहिचान गर्नुका साथै उनीहरूलाई सचेतनामूलक कार्यक्रम तथा औषधि वितरण गर्दै आएको छ ।

एनआरएल नेपालका कार्यकारी निर्देशक विकासमान सिंह कुष्ठरोगमुक्त नेपाल घोषणा गर्ने लक्ष्यका साथ एनआरएल नेपालले काम गर्दै आइरहेको बताउछन् । कार्यकारी निर्देशक सिंह धनुषा, सर्लाही र महोत्तरीमा कुष्ठरोगी र उनीहरूका सम्पर्क व्यक्तिको पहिचान गरी चार लाखभन्दा बढी व्यक्तिलाई औषधि वितरण गर्ने लक्ष्यका साथ एनआरएलले काम गरिरहेको बताउछन् ।
यसबाहेक एनएलआरले पूर्वको कोशी र पश्चिमको सुदूरपश्चिम प्रदेशमा समेत कुष्ठरोगका बिरामीलाई निःशुल्क औषधि वितरण गर्दै आएको छ । "एनआरएलले स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकासँग सहकार्य गरेर कुष्ठरोगी र उनीहरूको सम्पर्क व्यक्तिको पहिचान गरी औषधि प्रदान गर्दै आइरहेको छ", सिंह भन्छन् ।

कुष्ठरोगको क्षेत्रमा काम गर्दै आएको अर्को संस्था द ल्याप्रोसी मिसन नेपालले मधेस प्रदेशको बारा, पर्सा र रौतहटमा कुष्ठरोगको क्षेत्रमा काम गर्दै आएको छ । मिसनले तीनवटै सरकारको सहकार्यमा कुष्ठरोग रोकथामको क्षेत्रमा तीन जिल्लामा काम गर्दै आएको बताउछन् । यसबाहेक उक्त मिसनले ललितपुरको गोदावरी नगरपालिका-५ लेलेस्थित आनन्दवन अस्पतालसमेत सञ्चालन गरी कुष्ठरोग निवारणको क्षेत्रमा काम गर्दै आएको छ ।

# रोकिएन ट्याक्सीको मनोमानी



**टुडे समाचारदाता**

गण्डकी । गण्डकी प्रदेशसभाका सदस्य भोजराज अर्याललाई शुक्रबार बिहान ९ बजेअगावै प्रदेशसभा सचिवालय पुग्नुपर्ने थियो । आफू सभापति रहेको अर्थ तथा विकास समितिले आयोजना गरेको कार्यक्रममा जान उहाँ विरौटाबाट ट्याक्सी चढे ।

नदीपुरस्थित प्रदेशसभा भवन नजिक ओर्लेका प्रदेशसभा सदस्य अर्याललाई ट्याक्सी चालकले रु पाँच सय भाडा मागे । ट्याक्सीमा आवतजावत गर्नुपर्दा सधैँ रु चार सय तिरिरहेका उनी ट्याक्सी चालकले भनेजति भाडा दिन तयार भएन । प्रदेशसभा सदस्य अर्यालले आफू सधैँ रु चार सय तिरेर विरौटाबाट आउने गरेको बताएपछि ट्याक्सी चालक त्यति नै भाडा लिन राजी भए र नदीपुरबाट फर्के । यसरी प्रदेशसभा सदस्य अर्याल ट्याक्सी भाडामा ठगिनबाट जोगिए ।

प्रदेशसभाको अर्थ तथा विकास समितिले पोखरामा चल्ने ट्याक्सीलाई मिटर प्रणालीमा सञ्चालन हुने व्यवस्था मिलाउन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिइएको प्रसङ्गमा समितिका सभापति अर्यालले आफ्नै ताजा दृष्टान्त उक्त कार्यक्रममा सुनाएका हुन् । गत भदौदेखि पोखरा उपत्यकाभित्र मिटर प्रणालीमा ट्याक्सी सञ्चालन गर्ने निर्णय प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले गरे पनि ट्याक्सी चालकको मनलाग्दी भाडा लिने प्रवृत्ति अझै नरोकिएको उनले बताए ।

"मिटर प्रणालीको कुरा गरेको भए ट्याक्सी चालकसँग वादविवाद हुनसक्थ्यो, उनले रु पाँच सय मागे पनि मैले सधैँ तिर्ने गरेको रु चार सय तिरेर हिँडे", सभापति अर्यालले भने, "पोखरामा ट्याक्सी भाडाको समस्या पहिलेदेखि कै हो, यो अझै समाधान हुन सकेको छैन, ट्याक्सी व्यवसायमा एकाधिकारजस्तो अवस्था छ ।" पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिने यात्रुले ट्याक्सीलाई चर्को भाडा तिर्नुपरेको गुनासो गरेपछि समितिले यातायात व्यवस्था मन्त्रालयलाई विमानस्थलदेखि राजमार्गसम्म निःशुल्क सटल बस सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न निर्देशन दिएको उनले बताए ।

समितिले अबदेखि ट्याक्सीलगायत यातायात क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकारले गरेका कामकारबाहीको प्रभावकारी अनुगमनसमेत गर्ने सभापति अर्यालले बताए । "समितिले सरकार र सम्बन्धित मन्त्रालयलाई निर्देशन मात्र होइन, निर्देशन कार्यान्वयनका लागि दबाव दिन्छ, अनुगमन पनि गर्छ", उनले भने ।ट्याक्सी भाडामा देखिएको मनोमानीको अन्त्यका लागि आफूले यातायात व्यवस्था मन्त्रीसँग भेटेर पटकपटक छलफल गरेको सभापति अर्यालले बताए । गण्डकी प्रदेश सरकारले दुई वर्षअघि समायोजन गरेको भाडादरअनुसार मिटर प्रणालीमा गुड्न तयार भएका ट्याक्सी व्यवसायीले सरकारसँग भएको सहमति उल्लङ्घन गर्दै आएका छन् ।

विसं २०७८ फागुन १ गतेदेखि लागू हुनेगरी प्रदेश सरकारले भाडादर समायोजन गरे पनि यसअघि मिटरमा नचलेका ट्याक्सी गत भदौ १ गतेदेखि मिटरमा सञ्चालन गर्ने दुईपक्षीय निर्णय भएको थियो । यातायात व्यवस्था मन्त्रालयसँगको छलफलमा ट्याक्सी व्यवसायीले पोखरा उपत्यकाभित्र मिटरमा ट्याक्सी गुडाउने प्रतिबद्धता जनाएका थिए । उक्त छलफलका क्रममा पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष प्रकाशमणि तिवारीले आफूहरु मिटरमा हिँड्न तयार रहेको तर सरकारले ट्याक्सी व्यवसायीको मर्का बुझिदिनुपर्ने बताएका थिए । ट्याक्सी व्यवसायीले बजार महँगी र इन्धनको मूल्यवृद्धिका आधारमा नयाँ भाडादर समायोजन गर्नुपर्ने माग गर्दै आएका छन् ।

दुई वर्षअघि समायोजन गरेको भाडादरअनुसार १५ किमिको यात्रामा चढ्नासाथ (फ्ल्याग डाउन) रु ८० र त्यपछि प्रति दुई सय मिटरको रु १० तोकिएको छ । पन्ध्र किमिभन्दा बढीको दूरीमा प्रतिकिमी ३७ रुपैयाँ ५० पैसा कायम गरिएको थियो । मन्त्रालयको प्रशासन तथा यातायात व्यवस्थापन महाशाखाका प्रमुख टीकाराम पौडेलले विगतमा प्रतिबद्धता गरेको विषयलाई ट्याक्सी व्यवसायीले लागू गर्नुपर्ने बताए ।उनले अनुगमनका क्रममा मिटर प्रणालीमा नचलेको पाइएका ट्याक्सी चालकलाई कारबाहीसमेत गरिएको बताए । ट्याक्सी मिटरमा नहिँड्दा यात्रु ठगिरहेको गुनासो अहिले पनि आइरहेको महाशाखा प्रमुख पौडेलको भनाइ थियो । प्रदेश सरकार र ट्याक्सी व्यवसायीबीच भाडा समायोजनलगायत विषयमा भएका कतिपय समझदारी अझै कार्यान्वयन हुन नसकेको उनले बताए ।

प्रतिबद्धतापत्रमा भाडा तिरेको बिल दिनुपर्ने, ट्याक्सीमा जिपिएस जडान गर्नुपर्ने, चालकको छुट्टै पोशाक हुनुपर्नेलगायत उल्लेख छ । यी कुनै पनि शर्त ट्याक्सी व्यवसायीले लागू गर्न सकेका छैनन् । मिटर प्रणालीमा नचल्ने ट्याक्सीको जरिवाना रकमसमेत पहिलेको तुलनामा बढाइएको यातायात व्यवस्था मन्त्रालयले जनाएको छ । सुरुमा न्यूनतम रु दुई हजार एक सयका दरले जरिवाना तिराउने गरिएकामा पछिल्लो समय न्यूनतम जरिवाना रु पाँच हजार पुर्‍याउने निर्णय गरिएको छ । मिटर प्रणालीमा चलाउने ट्याक्सी चालकलाई सवारी ऐनअन्तर्गत कारबाही गर्ने गरिएको ट्राफिक प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

# प्रशिक्षणका लागि छ उद्योगसँग सम्झौता



**टुडे समाचारदाता**

काठमाण्डु । कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि त्रिपक्षीय सम्झौता भएको छ । लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, नेपाल उद्योग परिसङ्घ र परिसङ्घमार्फत कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रममा सहभागी हुने उद्योगहरुबीच आइतबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सम्झौता भएको हो ।

श्रमयोग्य जनशक्तिलाई सीपयुक्त बनाई आन्तरिक श्रम बजारमा उपलब्ध रोजगारीको अवसर उपयोग गर्न र रोजगारमूलक तथा सीपमूलक तालिम प्रदान गर्न सरकारले बजेट विनियोजन गरेको छ । कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यविधि २०८० अनुसार यस कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीका लागि अधिकतम तीन महिना अवधिको पारिश्रमिक सरकारले व्यहोर्नेछ । यो कार्यक्रमअन्तर्गत उद्योगले कम्तीमा १८ महिना रोजगारी दिने सुनिश्चितता गर्नुपर्दछ । यो कार्यक्रम गत वर्षदेखि नै कार्यान्वयनमा आएको भए पनि यसको प्रभावकारिता भने निकै न्यून देखिन्छ ।

कार्यक्रम सञ्चालनका लागि गत वर्ष रु ८० करोड बराबर विनियोजन भएको थियो भने १२ हजार जनालाई रोजगारी दिने अपेक्षा गरिएको थियो तर एक सय ५३ जनालाई मात्रै यो कार्यक्रमअन्तर्गत रोजगारी मिलेको छ । चालु आर्थिक वर्षका लागि यो कार्यक्रम सञ्चालनका लागि सरकारले रु १८ करोड बजेट छुट्याएको छ ।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले यो कार्यक्रमको सफल कार्यान्वयनबाट उद्योगलाई दक्ष जनशक्ति उपलब्ध हुने, बेरोजगार युवालाई रोजगारी मिल्ने र बढिरहेको विदेशिने क्रम केही कम हुने बताए । "एकातर्फ हाम्रा युवा जनशक्ति रोजगारीको खोजीमा विदेश पलायन हुने क्रम बढिरहेको छभने अर्कातर्फ मुलुकमा दक्ष जनशक्तिको अभाव भई उद्योगहरू सञ्चालन गर्नका लागि विदेशबाट जनशक्ति ल्याई काम गर्नुपर्ने बाध्यता हामीले देख्दै र भोग्दै आइरहेका छौँ । हामीसँग भएको जनशक्ति विदेश पलायन हुने र हामीलाई आवश्यक पर्ने जनशक्ति विदेशबाट झिकाउनुपर्ने अवस्थाको अन्त्य गर्न नेपाल सरकारले उद्योगको कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रमको ल्याएको हो", मन्त्री रिजालले भने ।

यस कार्यक्रमबाट स्वदेशमै तालिम प्राप्त दक्ष जनशक्ति निर्माण हुने र देशभित्रै सीपयुक्त रोजगारीको अवसर प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । गत वर्ष यो कार्यक्रमले अपेक्षाकृत लक्ष्य हासिल गर्न नसकेको स्वीकार्नु हुँदै नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले यस वर्ष लक्ष्यअनुसार रोजगारी उपलब्ध हुने विश्वास व्यक्त गरे । कार्यक्रम सहजरुपमा सञ्चालन गर्नका लागि कार्यविधिमा भएका कठिनाइलाई संशोधन गरिनुपर्ने उनको भनाइ छ ।

त्यसैगरी, परिसङ्घमार्फत नौवटा उद्योगले दुई हजार एक सयजना कामदारलाई कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षणमा लैजाने गरी आवेदन दिएको अग्रवालको भनाइ छ ।

यो कार्यक्रम सञ्चालनका लागि लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रमार्फत इच्छुक उद्योग वा सम्बद्ध महासङ्घ र सङ्घलाई आवेदन आह्वान गरिएको थियो । सोहीअनुरूप कार्यक्रम सञ्चालनमा साझेदारी गर्नेगरी नेपाल उद्योग परिसङ्घमार्फत छवटा उद्योगको आवेदन परेकामा आज सम्झौता गरिएको हो जसमध्ये अरिहन्त मल्टिफाइबर लिमिटेडका लागि सात सय २५, किरण सुज म्यानुफ्याक्चरर्सका लागि ६ सय, मोडर्न स्लिपर इन्डस्ट्रिज प्राइभेट लिमिटेडका लागि एक सय ५०, लिट्मस इन्डस्ट्रिजका लागि एक सयजना, रन सुजका लागि ५० र बाबा जुट मिल ३६ गरी कूल एक हजार छ सय ६३ जना कामदारलाई कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रममा सहभागी गराउने गरी सम्झौता भएको हो ।

यस कार्यक्रमअन्तर्गत यस वर्ष चार हजार जनालाई दक्ष बनाई रोजगारी सृजना गर्ने लक्ष्य रहेकामा करिब १६ हजार जनाका लागि प्रस्ताव प्राप्त भएको भएको मन्त्रालयले जनाएको छ । तर सीमित आर्थिक स्रोतका कारण तत्काल सबै प्रस्तावलाई समेट्न सक्ने अवस्था नरहेको उद्योगमन्त्री रिजालले बताए ।

# 'सिकलसेल एनिमिया' रोगको जोखिम

**टुडे समाचारदाता**

दोधारा चाँदनी । पछिल्लो समय कञ्चनपुर पनि सिकलसेल एनिमिया तथा थालेसिमिया रोगको जोखिममा रहेको छ । रानाथारु समुदायमा यो रोगको जोखिम देखिएपछि जिल्ला स्वास्थ्य कार्यालयले निःशुल्क स्वास्थ्य शिविरबाट एक हजार पाँच सय ५० जनाको रगत परीक्षण गरेको थियो । त्यसमा ४६ जनामा सिकलसेल एनिमिया रोग देखिएको छ ।

स्वास्थ्य कार्यालयका सिकलसेल एनिमिया तथा थालेसिमिया रोगसम्बन्धी स्रोत व्यक्ति सिद्धराज भट्टका अनुसार कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका,बेदकोटनगरपालिकार भीमदत्त नगरपालिकामा परीक्षण गरिएकामध्ये एक सय ९९ मा बाहक (ट्रेट) देखा परेको थियो । "बाहक (ट्रेट) देखापरेका एक सय ९९ जनाको रगतको अन्तिम जाँच गर्दा ४६ जनामा सिकलसेल एनिमिया भएको पुष्टि भएको छ", भट्टले भने, "त्यसमध्ये १२ जनामा गम्भीर खालको रोग देखिएको छ ।"

उनका अनुसार बाहक देखिएका एक सय ९९ मध्ये २२ महिला र २४ पुरुषमा सिकलसेल एनिमिया रोग देखिएको हो । उनले बाहक(ट्रेट) देखा परेका महिला तथा पुरुषले विवाह गर्दा रगत परीक्षण गरेर मात्रै गर्नुपर्ने बताए । "बाहक(ट्रेट) देखा परेका महिला र पुरुषले विवाह गरे उहाँहरुबाट जन्मिने व्यक्ति पनि रोगी जन्मन्छ", उनले भने, "त्यसैले विवाह गर्नुभन्दा पहिले रगत परीक्षण गरेर मात्रै विवाह गर्नु उपयुक्त हुन्छ ।"

हेमोग्लोबिनसँग सम्बन्धित खराबीका कारणले हुने समस्या विश्वमा पाँच प्रतिशतभन्दा बढी भएको तथ्याङ्क छ । तीमध्ये सबैभन्दा बढी देखापरेको समस्या सिकलसेल एनिमिया र थालेसिमिया हो । नेपालमा पनि खासगरी चौधरी थारु समुदायमा यो रोगको प्रकोप उच्च रहेको स्वास्थ्य कार्यालयले जनाएको छ। केही समयअघि नेपाल सरकार, स्वास्थ्य अनुसन्धान परिषद्सँग त्रिभुवन विश्वविद्यालय ट्रफल अनुसन्धान प्रयोगशालाले गरेको अनुसन्धानमा पश्चिम नेपालका अविवाहित थारु समुदायका महिलाको डीएनए परीक्षण गर्दा १८ प्रतिशत व्यक्तिमा सिकलसेल हेटरोजाइग्स ट्रेट रहेको पाइएको उनले बताए ।

नेपालका चौधरी थारु समुदायमा यो रोग एउटा प्रमुख जनस्वास्थ्य समस्याका रुपमा रहेको र समयमै यसको रोकथामका उपाय अवलम्बन गर्न नसकिए अवस्था झन भयावह हुनसक्ने भएकाले कञ्चनपुरका चौधरी थारु समुदायको बसोबास उच्च रहेका पालिकामा यो रोगको पहिचान तथा निदानका लागि स्वास्थ्य कार्यालयले रगत परीक्षण गरेको जनाएको छ ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



झापा काकडभिट्टाबाट भरतपुर हिडेको ना ६ ख ४११ नम्वरको दुर्घटनामा परेको बस। १३ जना यात्रु बोकी हिडेको बस मोरङको पथरी शनिश्चरे महेन्द्र राजामार्गमा आइतबार दुर्घटनामा परेको हो। दुर्घटनामा कुनै पनि मानवीय क्षति भएको छैन। *तस्बिरः*

# स्वच्छ ऊर्जा दिवसमा मुटु परीक्षण

**टुडे समाचारदाता**

काठमाण्डु । पहिलो अन्तर ाष्ट्रिय स्वच्छ ऊर्जा दिवसका सन्दर्भमा नवीकरणीय ऊर्जा परिसङ्घ नेपालले यहाँ मुटु जाँचसम्बन्धी बृहत् शिविर तथा स्वास्थ्य सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । 'आरई सेक्टर हेल्थ चेकअप एन्ड अवर्नेस प्रोग्राम'अन्तर्गत परिसङ्घले नेसनल कार्डियाक सेन्टरसँगको सहकार्यमा सो कार्यक्रम आयोजना गरेको हो ।



कार्यक्रममा वरिष्ठ मुटुरोग विशेषज्ञ डा ओममूर्ति अनिल र उनको टिमबाट झण्डै सय जनाको मुटु जाँच गरिएको थियो । डा अनिलले मुटुरोगको जोखिम, यसको न्यूनीकरणका निम्ति अपनाउनुपर्ने सावधानीका विषयमा सहभागीहरूलाई उच्च रक्तचापलाई हेल्चेक्राई गर्ने, नियमित औषधि सेवनलाई अनावश्यक बोझका रूपमा लिने र स्वास्थ्यकर्मीसँग परामर्श लिनुको साटो वैकल्पिक उपाय अपनाउने प्रवृत्ति त्याग्न आग्रह गरे ।

अव्यवस्थित जीवनशैली, अस्वस्थकर खानपान, शारीरिक गतिविधिमा निस्कृष्यता, प्रदूषित वातावरण, तनाव, स्वास्थ्य चेतनामा कम चासोलगायतका कारणले नेपालमा मुटुरोगको जोखिम बढ्दै गएको जानकारी दिँदै त्यसतर्फ सचेतना अपनाउन सुझाव दिए । उनले पछिल्लो समय युवाहरुमा मुटुरोगको जोखिम बढ्दै गएकाले समयमै नियमित स्वास्थ्य जाँच र जीवनशैलीमा सुधार ल्याउनुपर्नेमा जोड दिए । डा अनिलले स्वच्छ ऊर्जाको प्रयोग बढाउन सकिएमा स्वास्थ्य जोखिम कम गर्न सकिने भएकाले नवीकरणीय ऊर्जा उद्यमीहरूलाई पनि यसतर्फ ध्यान दिन आग्रह गरे ।

कार्यक्रममा परिसङ्घका अध्यक्ष गुणराज ढकालले मुटुरोगको जोखिम घटाउन स्वच्छ ऊर्जाको पनि भूमिका रहेको हुँदा पहिलो अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसका सन्दर्भमा मुटु जाँचका कार्यक्रम राखिएको जानकारी दिए ।

सो अवसरमा नवीकरणीय ऊर्जा क्षेत्रका व्यावसायिक सङ्गठनहरू नेपाल सौर्य विद्युत् उत्पादक सङ्घ, नेपाल लघु जलविद्युत् विकास संस्था, नेपाल बायोग्यास प्रवर्द्धन सङ्घ, जल तथा ऊर्जा परामर्शदाता सङ्घनेपाल, ग्रामीण प्रविधि उत्पादक सङ्घ नेपाल, नेपाल सौर्य ताप ऊर्जा सङ्घ, जैविक ऊर्जा व्यवसायी सङ्घनेपाल र वायोग्यास सेक्टर पार्टनसिप नेपाललगायतका सङ्घसंस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# बालबालिकालाई कपडा वितरण



**टुडे समाचारदाता**

बर्दिबास । तराई क्षेत्रमा केही दिन यता शीतलहरको प्रकोप छ । कठ्याङ्ग्रिने जाडोबाट विपन्न समुदायका बालबालिका प्रभावित हुन थालेपछि सहयोगका लागि बर्दिबास हेल्प फाउण्डेसन अघि बढेको छ ।

जाडोबाट प्रभावित विद्यालयका बालबालिकाका लागि फाउण्डेसनले अहिले 'न्यानो अभियान' नै सञ्चालन गरेको छ । फाउण्डेसनले अहिलेसम्म नगर क्षेत्रका ५ विद्यालयका १२५ जना बालबालिकालाई न्यानो कपडा वितरण गरेको छ । न्यानो कपडा पाउनेमा जन जागृति आधारभूत विद्यालय बुद्धचोक, माध्यमिक विद्यालय हात्तीलेट, जनजागृति मावि पाटु, राष्ट्रिय आधारभूत विद्यालय किसान नगर तथा माध्यमिक विद्यालय कामीडाँडा आधारभूत कक्षामा पढने बालबालिका छन् ।

फाउण्डेसनकी कोषाध्यक्ष तथा न्यानो कपडा वितरण अभियानकी संयोजक सुमित्रा भट्टराईका अनुसार प्रति विद्यार्थी एक हजार २०० को दरले एक लाख ५० हजार मूल्य बराबरको न्यानो ट्र्याकसुट वितरण गरिएको छ । यो रकम फाउण्डेसनका १९ जना सदस्य तथा पदाधिकारीबाट सङ्कलन गरिएको उनले बताए ।

जाडो झन् झन् बढ्दै गएकोले फाउण्डेसनले न्यानो कपडा वितरण अभियानलाई जारी राखेको जनाएको छ । फाउण्डेसनले आफ्नै कोषबाट नगर क्षेत्रको ६ विद्यालय उच्च कक्षामा अध्यनरत ३१ विपन्न तथा जेहेन्दार विद्यार्थीलाई वार्षिक करिब ४ लाख छात्रवृत्ति वितरण गर्दै आएको छ ।

# ७१औँ विश्व कुष्ठरोग दिवस मनाइँदै

**टुडे समाचारदाता**

काठमाण्डु । आइतबार विश्व कुष्ठरोग दिवस देशभर विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइदैछ । 'कुष्ठरोगसम्बन्धी गलत अवधारणाको अन्त्य गरी मर्यादित व्यवहार गरी', भन्ने मूल नारासहित ७१औँ विश्व कुष्ठरोग दिवस मनाउन लागिएको हो ।

यसवर्षको नाराले कुष्ठ प्रभावित व्यक्तिको स्मरण गर्दै रोगबारे चेतना जगाउने, कुष्ठरोगसँग सम्बन्धित लाञ्छना एवं भेद्भावको अन्त्य गर्न र मर्यादित व्यवहार गर्न ध्यानाकर्षण गराउने रहेको छ । दिवसका अवसरमा स्वास्थ्य सेवा विभागद्वारा आइतबार आयोजित कार्यक्रममा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले अझै पनि विश्वभर कुष्ठरोगबाट धेरै व्यक्ति प्रभावित भएको बताए ।

"अझै पनि विश्वभर कुष्ठरोगबाट धेरै व्यक्ति प्रभावित छन् । कुष्ठप्रभावित व्यक्तिले लाञ्छना, भेद्भाव र स्वास्थ्य सेवामा पहुँचको अभावको सामना गरिरहेका छन् । यसलाई रोकी कुष्ठरोग अन्त्य गर्न सरकार तथा सबै सरोकारवाला निकायको तत्काल पहल र प्रतिबद्धताको आवश्यकता छ", डा मरासिनीले भने ।

विश्व कुष्ठरोग दिवस फ्रान्सका प्रसिद्ध मानवतावादी रावल




फोलेरियोले कुष्ठरोगको समुचित उपचार गरी निवारण गर्ने, जनचेतनाको माध्यमबाट कुष्ठरोग नियन्त्रण र न्यूनीकरण गर्ने तथा कुष्ठरोग प्रभावितप्रतिको भेद्भावलाई हटाउने उद्देश्यले सन् १९५४ देखि थालनी गरिएको हो । कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखा प्रमुख डा प्रशन्न नापितका अनुसार कुष्ठरोग माइकोब्याक्टेरियम 'लेप्रे' नामको सुक्ष्म जीवाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने रोग हो ।

"यो रोग मानिसबाट मानिसमा सर्छ । उपचार नगरेको कुष्ठरोग बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यत श्वासप्रश्वासको माध्यमबाट यो रोग सर्न सक्छ । उपचार गरे पूर्णरुपमा यो रोग निको हुन्छ", डा नापितले भने, "सुरूकै अवस्थामा रोगको निदान र उपचार गरेमा यो रोग अरूलाई सर्दैन साथै कुष्ठरोग पूर्ण रूपमा निको हुन्छ र अपाङ्गता हुँदैन । त्यसैले समूदायमा रोग सङ्क्रमण हुन नदिन रोगका लक्षण र चिन्ह देखिनसाथ नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी रोग निदान भएमा पूर्ण रुपमा उपचार गर्नुपर्दछ ।"

नेपालमा २०६६ साल माघ ५ गते राष्ट्रियस्तरमा कुष्ठरोग जनस्वास्थ्य समस्याको रुपमा निवारण (प्रति १० हजार जनस‌ख्यामा एक भन्दा कम बिरामी) भएको घोषणा गरेको थियो । उक्त समयमा राष्ट्रियस्तरमा कुष्ठरोगको प्रकोप दर शून्य दशमलव ७७ प्रतिशत थियो । कुष्ठरोग नियन्त्रण शाखाका अनुसार आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म शून्य दशमलव ८५ रहेको छ भने १४ जिल्लामा कुष्ठरोग प्रति १० हजार जनसंख्यामा एक भन्दा धेरै बिरामी छ । निवारणको घोषणा पश्चात् हालसम्म पनि राष्ट्रियस्तरमा निवारणको अवस्थामा कायम रहेको छ ।

शाखाको तथ्याङ्क अनुसार हरेक वर्ष नेपालमा दुई हजार पाँच सयदेखि तीन हजारको हाराहारीमा कुष्ठरोगका नयाँ बिरामी पत्ता लाग्ने गर्दछ । कुष्ठरोग नियन्त्रणका लागि सरकारले सक्रिय बिरामीको खोज पड्ताल, कुष्ठरोग रोकथाम, जनचेतनामूलक तथा क्षमता अभिवृद्धि, असमर्थक व्यवस्थापन तथा पुनः स्थापन र बहु औषधिको व्यवस्थापनको कार्यक्रम सञ्चालन गरिरहेको छ ।

**विश्व उपेक्षित उष्णप्रदेशीय रोग दिवस**

यस्तै, आइतबारै विश्व उपेक्षित उष्णप्रदेशीय रोग दिवस समेत मनाइँदैछ । 'उपेक्षित उष्णप्रदेशीय रोगको निवारण, सहकार्य र एकता हाम्रो उदाहरण' भन्ने नारासहित यो दिवस मनाइदैछ । उष्णप्रदेशीय र समसितोष्णप्रदेशीय क्षेत्र वा देशमा डेङ्गी, चिकेनगुनिया, रेबिज, ट्र्कोमा, बुरुली अल्सर, यज, कुष्ठरोग, चागस रोग, सर्पदंश, फित्तेजुका र न्यूरोसिस्टाइसर्कोसिस, लुतो, हात्तीपाईलेसहित विभिन्न १२ प्रकारका रोग यस अन्तर्गत पर्दछन् । नेपालले सन् २०१८ मा ट्र्कोमा निवारण गरेको छ भने कालाजार सन् २०१६ र हात्तीपाईले, कुष्ठरोग र रेविजलाई सन् २०२३ भित्र निवारण गरिसक्ने लक्ष्य लिएको छ ।

# उपप्रधानमन्त्रीद्वारा सैनिक कल्याणकारी निर्देशनालय अवलोकन

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले राज्यले आवश्यक महसुस गरेर सुम्पेका जिम्मेवारी निर्वाहमा नेपाली सेना सदैव अब्बल रहँदै आएको बताएका छन् ।



विसं २०३२ मा स्थापना भई सञ्चालनमा रहेको गैरनाफामूलक कोष र मातहत सञ्चालित विविध गतिविधिबारे जानकारी लिँदै उपप्रधानमन्त्री खड्काले मुलुकका लागि मरिमेट्न तयार सैनिक व्यक्ति र तिनका परिवारजनसँग जोडिएको कल्याणकारीका प्रकृयागत जटिलता समाधानमा सरकारको पूर्ण सहयोग रहने बताए ।

सैनिक कल्याणकारी निर्देशनालयमा आयोजित उक्त कार्यक्रममा उपप्रधानमन्त्री खड्काले सैनिक कल्याणकारी कोष सकलदर्जाको योगदानबाट खडा भइ सेवारत र अवकाश प्राप्त सैनिक व्यक्तिको भरोसा बनेको छ भने । रक्षामन्त्री खड्का सैनिक कल्याणकारी कोषको सहसंरक्षक छन् । उनले भने, "सैनिक कल्याणकारी कोषको मूल स्रोत घट्ने अवस्था आइपरेमा समेत सेवा विस्तार गर्ने चुनौतीसँग सन्तुलन मिलाउन विकल्पको पहिचान गरी आयआर्जनको दायरा विस्तार गर्नेतर्फ विचार पुऱ्याउन जरुरी छ ।"

रक्षामन्त्री खड्काले राष्ट्रिय सुरक्षाको मुख्य दायित्वसँगसँगै देशको विकासमा पनि योगदान पुऱ्याउँदै आएको सेनाले कोषमार्फत सञ्चालित शैक्षिक गतिविधिको उत्कृष्ट नतिजा तथा यस्ता कार्यक्रमबाट सर्वसाधारणले पनि लाभ हासिल गरेको देख्न र सुन्न पाउँदा आफूलाई खुसी लागेको बताए । सो अवसरमा प्रधानसेनापति प्रभुराम शर्माले बहुजन हिताय, बहुजन सुखाय मूलमन्त्रसहित हिताधिकारीको जीवनयापनमा सहयोग पुऱ्याउन सैनिक कल्याणकारी कोष मातहत सञ्चालित गतिविधि पारदर्शी एवं नियमसङ्गत रहेको जानकारी गराए । उनले हिताधिकारीको कल्याणमा प्रभावकारी ढङ्गले सेवासुविधाको विस्तार गर्न कोष प्रयत्नशील रहेको उल्लेख गरे ।

नेपाली सेनाका बहालवाला एवं अवकाश प्राप्त सकलदर्जा तथा तिनका आश्रित परिवारजनको हितका लागि शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियत उपलब्ध गराई जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालित कल्याणकारी गतिविधिबाट सर्वसाधारण पनि लाभान्वित हुँदै आएका छन् ।कोषको मूलधन रु ७५ अर्ब ९० करोड ५७ लाख ४९ हजार नगद मौज्दात रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । विभिन्न कार्यक्रममा रु ६ अर्ब ७५ करोड ५५ लाख लगानीसमेत कोषको यथार्थ सम्पत्ति रु ८२ अर्ब ६६ करोड १२ लाख रहेको छ ।

सैनिक कल्याणकारी निर्देशनालय मातहत सञ्चालित शिक्षण संस्था, स्वास्थ्य उपचार सुविधा एवं अन्य गतिविधिबाट तीन हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । यस्तै, वार्षिक रु एक अर्ब २५ करोडभन्दा बढी रकम मुलुकको राजस्वमा प्रत्यक्ष योगदान भइरहेको छ । कार्यक्रममा रक्षा सचिव किरणराज शर्मा, बलाधिकृत रथी अशोकराज सिग्देल तथा सैनिक कल्याणकारी बोर्डका कार्यकारी निर्देशक रथी गौरव तण्डुल (अ.प्रा.)सहितका पदाधिकारी सहभागी थिए ।

# जेठमा 'नेपाल अन्तरराष्ट्रिय पर्यटन मेला'

**टुडे समाचारदाता**

काठमाण्डु । निजी क्षेत्रको आयोजनामा 'नेपाल अन्तरराष्ट्रिय पर्यटन मेला' हुने भएको छ । 'समिट इभेन्ट एन्ड मार्केट'को आयोजनामा नेपालमा रहेका पर्यटकीय गन्तव्यलाई अन्तरराष्ट्रिय स्तरमा पुऱ्याउने उद्देश्यले पहिलोपटक 'नेपाल अन्तरराष्ट्रिय पर्यटन मेला' आयोजना हुन लागेको हो ।

नेपालको पर्यटन क्षेत्रलाई विश्वव्यापी रुपमा प्रवर्द्धन गर्नका लागि आगामी जेठ १८ र १९ गते मेला आयोजना गर्न लागिएको मेलाका आयोजक विष्णु पाण्डेले जानकारी दिए । मेलाले नेपालको दिगो पर्यटन विकास र संस्कृति आदानप्रदानमा सहयोग पुऱ्याउने विश्वास आयोजकले लिएको छ ।

मेलालाई सफल बनाउनका लागि आइतबार पर्यटनसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाका अध्यक्ष एवं प्रतिनिधिसँग आयोजकले छलफल गरेको छ । छलफलमा नेपाल पर्यटन बोर्डका उपाध्यक्ष चन्द्रप्रसाद रिजालले नेपालको पर्यटन क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसार गर्न मेलाले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।मेलामा विदेशी कक्षसहित नेपालका सातै प्रदेशका प्रदेशअनुसार कक्ष रहने छन् । भृकुटीमण्डपमा हुने उक्त मेलामा एक सय २५ भन्दा बढी कक्ष रहने अर्का आयोजक शिशिर खनालले जानकारी दिए । मेलामा राखिने कक्षका लागि छिमेकी मुलुक भारत र चीनसहित माल्दिभ्स, मलेसिया, बङ्गलादेश र थाइल्यान्डले कक्ष बुकिङ गरिसकेको आयोजकले जनाएको छ ।

मेलामा विभिन्न देशका दुई सयभन्दा बढी विदेशी पर्यटन कम्पनीको सहभागिता रहने बताइएको छ । छलफलमा नेपाल एसोसिएसन टुर्स एन्ड ट्राभल्स एजेन्ट (नाट्टा) का पूर्वअध्यक्ष अच्युत गुरागाईं, महासचिव कुमारमणि थपलिया, ठमेल पर्यटन विकास परिषद्का पूर्वअध्यक्ष डा रामशरण थपलिया, टुरिष्ट बस एसोसिएसन अफ नेपालका अध्यक्ष कृष्ण आचार्य, रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) का उपाध्यक्ष सङ्घर्ष विष्ट, ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव धमलालगायत विभिन्न सङ्घसंस्थाका अध्यक्ष एवं प्रतिनिधिको सहभागिता थियो ।


मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालीम केन्द्र
जनकपुरधाम, धनुषा
आशयपत्र पेश गर्ने म्यादथप सम्बन्धि सूचना

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र जनकपुरधामको मिति २०८०।१०।८ गते प्रकाशित छोटो अवधिको सीप विकास तालिम सञ्चालन सम्बन्धि सूचनाको आशयपत्र पेश गर्ने म्याद २०८०।१०।२९ गते कार्यालय समय भित्र सम्मको लागी थप गरिएको व्यहोरा संबन्धित सबैको जानकारीको लागी अनुरोध छ।

पेट्रोलियम डिलर्स एशोसीएसन जनकपुरधाम
सूचना

यस पेट्रोलियम डिलर्स एशोसिएसनको कार्यसमितिको निर्णय अनुसार कार्यसमितिको पदाधिकारी तथा सदस्यज्यूहरुको निर्वाचन मिति २०८० साल १० महिना २७ गत्ते शनिबारका दिन हुने भएकोले यस संस्थामा आवद्ध सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई जानकारीका लागि यो सूचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ। साथै २०८१ साल असार मसान्तसम्मको सदस्यता नविकरण मिति २०८० साल १० महिना २० गत्तेसम्म गराइसक्नुपर्ने छ । नविकरण नभएको सदस्यज्यूहरुले निर्वाचन प्रक्रियामा भाग लिन पाउने छैन् ।

शत्रुध्न यादव
महासचिव



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पूर्वराजाको सक्रियता

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली रहेको छ। देशमा झण्डै साढे २ सय वर्ष पुरानो राजतन्त्रलाई हटाएर संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । संविधानले अब राजा अथवा राजसंस्थालाई चिन्दैन् । देशमा राजतन्त्र रहेन् । तर राजतन्त्र रहेको बखतका राजा ज्ञानेन्द्र शाह हाल पूर्व राजाको रुपमा रहेका छन् । उनी जनताको सुखदुखका कुरा गर्दै वर्षभरि नै देशको विभिन्न भागमा भ्रमण गरिरहन्छन् । राजा हुँदाको तामझाम त अब हुँदैन् । तर राजाप्रतिको समर्थन अझै पनि हटिसकेको छैन् । पूर्व राजालाई उनका समर्थकहरुले अझै पनि श्री ५ महाराजाधिराज नै सम्बोधन गर्छन् । राजा हुँदाको समयमा रहेको संवाद सचिवालय अझै पनि सक्रिय छ। राज्यबाट विगतमा पाएको सुविधा कटौती भइसकेको छ । शाही सलामी बन्द भइसकेको छ । तर अझै पनि राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) लगायतका केही दलका नेताहरुले पूर्व राजालाई अलंकारिक राजाको रुपमा स्थापित गर्नुपर्ने माग गरिरहेका छन् । त्यसका लागि देशव्यापी आन्दोलनको घोषणा पनि गरिएको छ । पूर्व राजाले पछिल्लो पटक वीरगञ्जमा दिएको अभिव्यक्तिले उनी नेताहरुको क्रियाकलापबाट दुखित रहेको खुलस्त नै गरेका छन् । उनले तराई मधेशको सम्बन्धमा पनि मुख खोलेका छन् । तर राजनीतिक विषयमा नभइ जनजीवनसित जोडिएको तराई मधेशमा पानी लगायतको समस्या उठाएका छन्। नेताहरुले देशमा विभाजनको बीजारोपण गरेको आरोप पनि लगाएका छन् । पूर्व राजाले राष्ट्रियताप्रतिको आस्थामाथि बढी जोड दिएका छन् । पूर्व राजा शाहको केही कथनहरु जयज पनि छन् । बारा जिल्लामा केही समयदेखि रहिरहेका पूर्व राजाको नागरिक अभिनन्दन गरिएको छ। उनी फेरि राजा हुने विश्वास त्यागेका छैनन्। हिन्दू राष्ट्र घोषणा गराइ राजतन्त्रलाई पुनःस्थापना गराउने अभियानलाई उनले निरन्तरता दिएका छन् । नेपालमा राजनीतिक अस्थिरता रहँदै आएको छ । त्यसकारण राजतन्त्र पुनःफर्किनेमा विश्वास गर्नेहरु हाँसोको पात्र भने होइनन् । राजतन्त्र फर्किन सक्ने संभावनालाई पूर्ण रुपमा नकार्न सकिदैन् । पूर्व राजाले त्यसै आशमा देश दौडाहा गरिरहेका छन् । उनी निरन्तर रुपमा राजतन्त्र स्थापनाका लागि सक्रिय छन् । विगतको भन्दा उनीप्रति केही जनसमर्थन पनि बढेको देखिन्छ ।२०५८ साल जेठ १९ गते भएको भीषण दरबार हत्या काण्डमा पूर्व राजा ज्ञानेन्द्र शाहलाई दोषी मान्नेहरु छन् । तर उनले त्यो आरोपबाट दुखी रहेको धारणा व्यक्त गरेका छन् ।

# कागजमा सिमित सम्पत्तिको अधिकारले महिलामाथि बढ्दै अन्याय



फैजा फहमिदा

जीवनको उत्तरार्धमा कौशल्या पजियार (परिवर्तित नाम) नियमित घरको कामधन्दामा व्यस्त हुन्छिन् । रक्तचापले पीडित उनलाई बिहान-बेलुकी खाना पकाउने देखि नुहाइ धुलाई र सरसफाइ गर्न हम्मे पर्छ । उनको सम्पति र आफन्त नभएका होइनन् । आफ्नै एक्लो छोरा सरकारी जागिरेमा अधिकृत छन्। जनकपुरकै दुई ठाउँमा करोडौंको घरघडेरी छन्। तैपनि जनकपुरधाम उपमहानगरपालिका-७ पगलाबाबा धर्मशाला स्थित आफ्नै घरको एक कोठामा नर्कपूर्ण जीवन बाँच्न विवश छिन् कौशल्या । 'म आफै अर्जेको सम्पति मेरो छैन । छोरालाई कष्ट गरेर लेखपढा गराएँ। हाकिमबन्यो। मेरोलागि दुष्ट बने। म कसलाई दोष दिउँ'आफ्नो वेदना सुनाइउँदै उनी भावुक भइन् ।

उनको दुःख वेदनाको फेहरिस्त लामै छ । कौशल्याको १६ वर्षकै उमेरमा विहे भयो। एक छोरा, एक छोरी पाइन् । श्रीमान् तत्कालिन जनकपुर चुरोट काराखाना (जचुकाली)मा कार्यरत थिए। बिहेको ६ वर्ष मात्र भएको थियो। अचानक उनको श्रीमानको निधन भयो । अनेक दुःख गरेर उनले सन्तानको पालनपोषण गरिन्। 'बच्चापाल्न कसैको घरमा भाँडा माझे त कसैको कपडाधोए' उनले विगत सम्झिदै भक्का निदै भनिन्, 'एक गाँस कम खाएर छोरालाई पढाए। तर बुढेसकाल लागेपछि उनले साथ छोडदिए।'

श्रीमान वितेपछि उनको ठाउँमा कौशल्याले जचुकालीमै काम पाइन् । विस्तारै घरको आर्थिक स्थिति मजबुत हुन थाल्यो। जनकपुरमा जग्गा लिइन्, घर बनाइन्। छोरीलाई पनि पढाइन्। छोरा लोक सेवा परीक्षा पास गरे । समय बित्दै गयो । कौशल्या ५८ वर्ष पुगेपछि अनिवार्य अवकाश पाइन्। जचुकालीले उनलाई एकमुस्ट पेनशन रकम दियो। रकममा छोराको गिद्धे नजर लाग्यो । रकमकै विषयमा छोरा कचकच गर्न थाले । बुढेसकालमा औषधी उपचारको लागि पेन्सन रकम कौशल्या राख्न चाहन्थिन्। पैसा हत्याउन छोरा बुहारी मानसिक यातना दिन सुरु गरे । 'त्यो पैसा नदिँदा अनेकन बहानामा छोरा बुहारीले मलाई यातना दिन थाले । खानपिउन दिन छाडे । बुहारीले कुरा लगाए, छोराले पनि बुझेनन्। उल्टै मलाई कुटे,' उनी पीडा पोख्दै भन्छिन्, 'ज्यान जोगाउन म दुई पटक घरबाट भागे। समाजमा मिलापत्र हुन्थ्यो। तर कार्यन्वयन भएन। ब्लड प्रेसरको बिरामीहुँ।'

समाजले सहयोग गर्यो भनेर सहयोग गर्नेलाई पनि छोराबुहारीले धाकधम्की र गालीगलौज गरेको गुनासो कौशल्याको छ । बिरामी पर्दा उनले पाएको पेन्सन रकमबाटै उपचार गराउँछिन् । बिरामी परेको बेला छिमेकी नै अस्पताल लगि दिने गरेको कौशल्या सुनाउँछिन्। तर छोरा बुहारीले सह्यार सुस्यार गर्दैनन्। कौशल्यकालागि उनैले बनाएको घरको एउटा कोठा छोराले छुट्याइ दिएका छन् । बेचबिखन गर्न नपाउने गरी कानुनी जालझेल छोराले गरेको कौशल्याको दुखेसो छ। 'घर जग्गा सबै मेरै नाउमा छ। तर मलाई एउटा कोठा दिएर भाडा लगाइदिएका छन्। भाडाको पैसा पनि छोराले नै उठाउँछन् । तर छोराले रोक्का गरिदियो। हैकम उसैको चल्छ,' उनी वृतान्त सुनाउँछिन् ,' छोरा अहिले हाकिम छन्। म कानुनमा गएँ भने सबै मैले नै पाउँछु। त्यसो गरे मलाई झनयातना देला कि भन्ने डरमलाइ छ। त्यसैले कतै जान्न। प्रहरी, प्रशासन र अदालतले पनि हाकिमहरुकै कुरा सुन्छन्, भन्छन्।' कौशल्याको अर्को घर मधेश भवनको पश्चिम छेउमै छ। त्यहाँ छोरा बुहारी बस्छन्। करोडौंको सम्पत्तिआफ्नो नाममा हुँदाहुँदै पनि भोगको अधिकार नहुँदा कौशल्या वृद्धावस्थनामा संकटपुर्ण गुजार्न बाध्य छिन्।

**जवान हुँदा राजा विरेन्द्रबाट पुरकस्कृत, वृद्धा हुँदा आश्रमको बास**

महोत्तरी पिगौनाकी ८५ वर्षिया उर्मिला आफ्नो बाँकी जीवन जनकपुरधामको वृद्धाश्रममा बिताइरहेकी छन् । आश्रममा पुग्दा मूलगेटमै बसेर कसैको प्रतिक्षा गरिरहेकी थिइन् उर्मिला । आश्रमकै अन्य वृद्धाहरु भने एकहोरो टोलाइरहेकी थिइन्। कसैले साटिरहेकी थिइन् बिगतका आफ्ना अतितहरु । गेटमै बसेकी उर्मिलालाई हामीलाई देख्नसाथ आफ्नै छोरीझै ठानिन्। र वेदनापोख्न थालिन्।

उर्मिला वृद्धाआश्रममा पुगेको धेरै भएको छैन । एक महिना अघि छोरा बुहारीसँग बिबाद हुदाँ उनी बेशहारा बनिन् । आश्रममा शरण लिन आइपुगेको हुन् । कोही मूलढोकामा आउँदा उनलाई आफ्नै छोराले लिन आएका हुन की जस्तो लाग्छ। 'छोरा लिन आउँछ की आशामा म यसरी नै बसेर कुरिरहेकी हुन्छु। त्यसैले कोही बाहिर आउँदा मेरो छोरा नै लिन आयोकी जस्तो लाग्छ' उर्मिला सुनाइन् । आश्रममा बिहानदेखि साँझ नपरेसम्म नयन पसारेर छोराको पर्खाइमा हुन्छिन् उर्मिला । यो उनको दैनिकी बनेको छ । उनको रोदन, पीडा र वेदना सुन्दा लाग्छ एउटी आमाले नौ महिनासम्म गर्भमा राखेर जन्माएका सन्तानहरु, अनेक दुःख कष्ट गरेर पालनपोषण गर्दै हुर्काएका सन्ततीहरु आखिर कसरी यतिनिर्दयी र कठोर हुन सकेका होलान्।

उर्मिलाले नै अर्जेको सम्पत्ति छोराले आफ्नै नाममा पास गराएपछि उर्मिला बेघर हुन पुगिन् । तत्कालिन राजा विरेन्द्र शाहबाट पुरस्कृत भएकी उर्मिला जीवनमा यस्तो दिन आउँछ भन्ने कल्पना नै गरेकी थिइनन् । त्यति बेला स्नात्तक अध्ययन गरेकी उर्मिला आफ्नो समयको दक्ष नर्स थिइन् । नर्स सेवामा राम्रो काम गरेको बापत उनी राजा विरेन्द्र शाहबाट पुरस्कृत भएको सुनाउँछिन् । 'मैले धेरैको सेवा गरे ।मानसम्मान र पैसा पनि कमाएँ' उर्मिला भन्छिन् 'तर मलाई आफै वृद्धावस्थामा एकदिन यसरी शरण लिनुपर्छ भन्ने मैले कल्पनै गरेको थिइनँ'। उनको दुई छोरा र दुई छोरी छन्। एक छोरा विदेशमा बस्छन्। अर्का छोरा कुलतमा फँसे। छोरी विहे भएर आ-आफ्नो घर गइन् । छोराले सम्पति हत्याएर बेशहारा बनाइदिन्छ भन्ने उनलाई लगेको थिएन । किनभने पहिले यस्तो संस्कार वातावरण थिएन । ' हाम्रो पालामा यसरी आमाले अर्जेको सम्पत्ति छोराले कब्जा गर्छन्। एक एक गरी कमाएको पैसा हत्याएर बुढेसकालमा बेसहारा छोडदिने चलन थिएन'उर्मिला भन्छिन् 'मैरै नामामा भएको सम्पत्ति मैले भोग गर्न पाएको छैन। कानुनी अड्चनलगाएका छन् उनीहरु। म माथिभएको यो अन्याय कसलाई सुनाउ'।

**सात वषदेखि आश्रमको सहारा**

धनुषाको गणेशमान चारनाथ नगरपालिका वीरेन्द्रबजारकी ८५ वर्षिय कृष्णा कार्कीको जवानी छउन्जेल खुब कमाए । श्रीमान तीन छोरा, दुई छोरी तथा नातिनातिनी सबै छन् कृष्णाको घरमा । तर उनको आफ्नै नाममा सम्पत्ति नहुँदा बिगत ७ वर्षदेखि आश्रमको आश्रयमा छिन् उनी। 'जवान हुदाँ गाईवस्तु पालेर, खेतीपाती गरेर निकै दुःख कष्ट गरि छोराछोरीलाई हुर्काएँ, पढाएँ । तर उनीहरुको साथ र छहारी चाहिएको बेला आश्रममा मलाई आश्रममा पुऱ्याए', भक्का निदै कार्कीले भनिन, 'म बाहेक घरमा सबै अटाएका छन् । मैरैलागि मात्रै कसैको नुनतेल जुरेको छैन ।' छोराबुहारीको दबाबमा बुढेसकालमा श्रीमानले पनि साथ छाडेको उनको दुखेसो छ । वृद्धाआश्रममा समेत कयौं समस्या झेल्नु परिरहेको उनी सुनाउँछिन्। 'यो आश्रमको पनि हाल बेहाल छ। राज्यको यसमा कुनै सहयोग छैन। स्थानीयदाताहरुको सहयोगले जेनतेन चलिरहेको छ,' उनले भनिन्।

**गुहार गरेपछि चल्छ आश्रम**

सीता अधिकारी लामो समयदेखि आश्रम सञ्चालिकाको जिम्मेबारीमा छिन् । दाताको भरमा आश्रम सञ्चालन गरिरहेको उनी बताउँछिन् । तर, सरकारलाई हार गुहार गरेपनि उपकार गरिदिए जस्तो व्यबहार देखाउने गरेको गुनासो उनको छ । संघ, प्रदेश र स्थानीय तीनतहको सरकारले नियमित बजेट दिँदैनन् । आश्रम आर्थिक रुपमा कमजोर भएको छ । संघीय सरकारमा तहतहुँदा नियमित बजेट आए पनि अहिले केही कठिनाइहरु देखिएको अधिकारीको भनाइ छ। आश्रमसँग सम्पतिको नाममा दुई तल्ले भवन बाहेक केही छैन । त्यही भवनमा बस्छन् आमाहरु। आर्थिक रुपमा दयनीय अवस्थमा रहेकोले आमाहरुलाई रुची अनुसारको खाना दिन नसकेको अधिकारी गुनसो गर्छिन् । 'कहिले काँही आमाहरुको लागि चिया बिस्कुटको पनि पैसा हुदैन। म आफ्नै पैसाले किनेर आमाहरुको आवश्यक्ता पूरा गर्छु' अधिकारी आश्रम संचालनको कठिनाइ सुनाउँछिन् । उनका अनुसार गतवर्ष विद्युत महसुल तिर्न नसक्दा विद्युत प्राधिकरणले आश्रमको बिजुली नै काटेको थियो । एक सातासम्म आश्रम अँध्यारो रह्यो । पछि जनकपुरधाम उपमहागनरपालिकाका मेयर मनोज कुमार साहलाई हारगुहार लगाएपछि महसुलको ४ लाख रकम तिरेपछि बल्ल पुनःबिजुली जोडिएको संचालिका अधिकारी बताउँछिन्। २०५३ सालमै स्थापित जानकी वृद्धा आश्रममा धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सप्तरी, सिन्धुली सहितका जिल्लाहरुबाट बेशहारा वृद्धाहरु आश्रममा आउने गरेका छन् । बुढेसकालमा सन्तानहरुबाट विरक्तभई आश्रय लिन्छन् । यहाँ आउनेमा अधिकांस सम्पत्ति भएर पनि आफूले सम्पत्तिको भोग गर्न नपाएको वा आफ्नै नाउमा सम्पत्ति नहुनेहरु बस्छन् । यसरी १५ जना आमाहरु अहिले आश्रममा आश्रय लिएको अधिकारीले बताइन् । अन्य छिमेकका अन्य जिल्लाहरुमा आश्रम नहुदाँ यही आउने गरेका छन् ।

**कानुन छ, व्यबहारमा छैन्**

नेपाल सरकारले सम्पत्तिमा महिलाको स्वामित्व बढाउन महिलाको नाममा घरजग्गा रजिस्ट्रेशन गर्दा लाग्ने दस्तुरमा छुट दिन थालेको छ । यसले घरजग्गामा महिलाको स्वामित्व त बढ्यो । तर व्यहारिक रुपमा भने सम्पत्तिको उपभोग गर्नबाट महिला बञ्चित छन् । सरकारले घरजग्गामा महिलाको स्वामित्व तथा अधिकार बढाउने नीति लिएपछि २०६१ साल साउन १ गतेको 'आर्थिक वर्ष २०६१/६२ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य' मा 'सम्पत्तिमा महिलाको स्वामित्व वृद्धि गर्ने दृष्टिकोण' राखियो र यसमा 'महिलाको नाममा दर्ता हुने जग्गाको रजिष्ट्रेशनमा लाग्ने दस्तुरमा १० प्रतिशत छुट हुने व्यवस्था गरिएको' उल्लेख गरियो। आर्थिक अध्यादेशमा तत्तसम्बन्धी व्यवस्था गरियो। आर्थिक अध्यादेश २०६२ मा शुल्क छुट दर २० प्रतिशत पुऱ्याइयो । रजिष्ट्रेशन दस्तुरमा छुटको व्यवस्थाले घरजग्गामा महिलाहरूको स्वामित्व बढ्दै गएको विभिन्न तथ्याङ्कहरूले देखाउछन् । राष्ट्रिय जनगणना २०५८ मा घरजग्गामा महिलाको स्वामित्व ११.७ प्रतिशत मात्रै थियो । २०६८ को जनगणनामा यो १९.७प्रतिशतपुग्यो । यस्तै, भूमि व्यवस्थापन तथा अभिलेख विभागको अद्यावधिक अभिलेख अनुसार आर्थिक वर्ष २०७८/७९ मा सो प्रतिशत ३४.२७ पुगेको देखिन्छ । सो अभिलेख अनुसार, देशभर हालसम्म एक करोड ३८ लाख ३४ हजार ७९१ जग्गाधनी छन्। त्यसमध्ये ४७ लाख ४२ हजार १६४ महिला छन् । सम्पत्तिमा महिला अधिकार सम्बन्धी कानुनी दस्तावेजहरूको अध्ययन गर्ने हो भने झन्डै दुई दशकयता मुलुकी ऐनमै छोरासरह छोरीले पनि अंश पाउने व्यवस्था गरिएको थियो। २०५९ असोज १० बाट लागु हुने गरी सो व्यवस्था आएको थियो। वि.स. २०६१ सालमा मीरा ढुंगानाको संयोजकत्वमा महिलाको आर्थिक र कानुनी अधिकार सम्बन्धी एक अध्ययन भएको थियो । उक्त अध्ययनले कृषिमा संलग्न महिलाहरूको संख्या उल्लेख्य रहे पनि जग्गाजमिनमा उनीहरूको स्वामित्व नभएको देखाएको थियो।

यसपछि अध्ययन टोलीले सरकारलाई 'महिलाको नाममा अचल (जस्तो घरजग्गा) सम्पत्ति दर्ता गर्दा कर छुट गर' भनेर सिफारिस गऱ्यो । सिफारिसपछि सरकारले महिलालाई जग्गा रजिष्ट्रेसन शुल्कमा छुट दिनथाल्यो । सुरुमा १० प्रतिशत छुट दिने व्यवस्था थियो । पछिका वर्षहरूमा छुटको दरलाई वृद्धि गर्दै लगेको पनि पाइन्छ। पति र पत्नीको संयुक्त स्वामित्व हुने भए महिला सरह नै रजिष्ट्रेसन शुल्कमा छुट हुन्छ । दुवैले घरजग्गा रजिष्ट्रेसन गर्दा २५ प्रतिशत छुट पाउँछन् । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम प्रदेश सरकारहरूले आफ्नो आर्थिक ऐनमा घरजग्गा रजिष्ट्रेसन शुल्क तोक्ने व्यवस्था छ। सो अनुसार सातै प्रदेशले महिलाकानाममा जग्गाधनी पुर्जा लिँदा २५ प्रतिशत छुटको व्यवस्था गरेका छन। एकलमहिलालाई घरजग्गा रजिष्ट्रेसन शुल्कमाथप १० प्रतिशत छुट छ। हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्व हुने गरी सगोलनामा गराउँदा मधेश प्रदेशमा रु. ५०० तोकिएको छ। पति र पत्नीको संयुक्त स्वामित्व हुने भए महिला सरह नै रजिष्ट्रेसन शुल्कमा छुट हुन्छ । दुवैले घरजग्गा रजिष्ट्रेसन गर्दा २५ प्रतिशत छुट पाउँछन्। यसरी महिलाको नाउमा घर जग्गा रजिष्ट्रेशनक्रम बढेको देखिन्छ। तर व्यबहारिक रुपमा अधिकार पाउनबाट महिला वञ्चित रहेको अधिवक्ता रिंकु यादव बताउँछिन् । 'सरकारले जग्गा महिलाको नाउमा रजिष्ट्रेशन गराउँदा राजश्व छुट दिएको छ। त्यो कारणले महिलाको नाममा जग्गामा आउँछ। तर उपभोग गर्न पाउँदैनन्। महिला राजश्व छल्ने माध्यमको रुपमामात्रै प्रयोग भएको देखिन्छ। किनकी सम्पत्तिमा पितृ सत्तात्मक सोच कायमै छ,' अधिवक्ता यादव तर्क गर्छिन्। जसरी पहिले महिलाहरु पीडा सहेर, दबेर बस्थिन्, पुरुषहरु अहिले पनि त्यस्तै सोच्दा पीतृसत्तात्मक सोचलाई परिवर्तन गर्न कठिन भएको उनी बताउँछिन्। कानुनी र अदालती प्रक्रिया झण्झटिलो हुँदा महिलाहरु प्रहरी, प्रशासन तथा अदालतसम्म जान आनाकानी गरेको समेत उनको बुझाइ छ। 'झण्झटिलो त छदैंछ। त्यसमा पनि न्यया बहुत ढिलो गरी पाइन्छ। त्यस अवधिमा परिवारबाटै महिलामाथि झन धेरै अन्याय बढ्छ । त्यस कारण महिला कानुनी प्रक्रियामा कमजाने गरेको देखिन्छ। तर पनि महिलाले आफ्नो अधिकारका लागि लड्न सिक्नु जरुरी छ,' उनले थपिन् । यद्पी अझै पनि महिलाको नाममा सम्पत्ति समेत केहीले रजिष्ट्रेशन नगराउने उदाहरणहरु प्रसस्तै छन् । जसका कारण उनीहरु वृद्धाश्रम पुग्नुपर्ने रहेछ।

**आश्रमलाई व्यवस्थापन गंर्छु: मेयर साह**

जानकी वृद्धाश्रमलाई जनकपुरधाम उपमहानगरपालिकाले आवश्यकता अनुसार समय समयमा सहयोग गर्दै आएको छ । गतवर्ष पनि आश्रममा कम्बल, खाद्यन्न समाग्रिहरु उपलब्ध गराएको थियो । आश्रमले समयमा बिद्युत महशुल र्तिन नसक्दा नेपाल विद्युत प्राधिकरण जनकपुरधामले विद्युत काटेको थियो । नगर प्रमुख मनोज कुमार साहले अग्रसरता लिई विद्युत महशुल तिरेका थिए। वर्षेणी आश्रमलाई सहयोग गरिरहे पनि अहिले सम्म उपमहानगरपालिकाको बजेटमा राख्न नसकेको मेयर साह स्वीकार्छन् । 'पहिलो आश्रमको कार्यसमति समय समयमा नविकरण, अडिट भइरहेको छ वा छैन ? त्यसबारेमा हामीलाई कुनै जानकारी गराउँदैन', उनले भने ,'दोस्रो आश्रमले पनि अहिलेसम्म लिखित रुपमा बजेटको लागि कुनै पैसा माग गरेको छैन । तर अब छुट्टै बजेटको व्यवस्था गर्छु ।' प्रत्येक वर्ष उपमहानगरपालिकाको वार्षिक कार्यक्रममा आश्रमको लागि केहि न केहि बजेट आउने गरि नीति बनाउन उनको प्रतिबद्धता छ । वृद्धआश्रम अहिलेसम्म दाताको भरमा धानेको छ।

**आमाबुवालाई सेवा नगर्नेले सम्पति पाउँदैनन् : अधिवक्ता झा**

अधिवक्ता रेखा झा आमाबुवालाई सेवा नगर्ने सन्तानलाई सम्पतिमा रोक लगाउने कानुन रहेको बताउँछिन् । आधुनिकतासँगै विकृति बढ्दे गएकाले यस्तो गतिविधि रोक्न कानूनलाई कार्यान्वयनमा ल्याउनु पर्ने उनको जोड छ । 'कुनैपनि सन्तानले आफ्ना आमाबुबालाई घरबाट बाहिर निकाल्न त परै जाओस् अपमान, अबहेल्ना वा दुर्व्यवाहर गर्न पनि सक्दैनन्,' महिला अधिकारकर्मी समेत रहेकी अधिवक्ता झा भन्छिन् ,'सन्तानले आमाबुवालाई भरणपोषण वा रेखदेख गर्न सकिन्न पनि भन्न सक्दैन । भनेको खण्डमा कानुनी कारवाही हुन्छ ।' ६० वर्ष माथिका नागरिकलाई कानुनले जेष्ठ नागरिक भनेको छ ।उनका अनुसार कुनै सन्तानले आफ्ना आमाबुवालाई घरबाट निकाल्छन्, अपमान गर्छन् भनेर त्यस्ता सन्तानलाई बुवाआमाले आफ्नो सम्पतिबाट अंश रोक्का हुन्छ। यस प्रकारको अन्याय हुनेलाई जिल्ला प्रहरी कार्यालय र अदालतमा उजुरी गर्न उनको सुझाव छ । बदनामी होला भनेर धेरै पीडित कानूनी प्रकृयामा जान नमानेको उनको बुझाइ छ। यस्ता विकृति विरुद्ध समाजमा जनचेतना जगाउनु पर्नेमा उनी जोड दिन्छन् ।

# राइनासकोटको पर्यटन : इतिहास, संस्कृति र प्रकृतिको समिश्रण

वासुदेव पौडेल र ऋषिराम बराल

नेपाल राष्ट्रको एकीकरणसँग सम्बन्ध राख्ने लमजुङको राइनासकोटमा बसेर तत्कालीन समयमा द्रव्य शाहदेखि पृथ्वीनारायण शाहसम्मले रणनीति बनाएका कारण यसलाई रणनीतिक कोटकारुपमा समेत लिने गरिन्छ। आँखै अगाडि देखिने अन्नपूर्ण, गणेश, मनास्लु, लमजुङ, माछापुच्छ्रेलगायतका हिमशृङ्खलाको रमणीय दृश्यसँगै यहाँबाट देखिने १८ वटा जिल्लाको दृश्यले जो कोहीको मन लोभ्याउने गर्दछ।

यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्यसँगै देखिने हिमाल, चेपे र मर्स्याङ्दी नदी किनाराका फाँटका साथै नेपालका बाइसे-चौबिसे राजाको पालामा निर्मित ऐतिहासिक राइनासकोट किल्ला, त्यहाँस्थित कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिरलगायत थुप्रै ऐतिहासिक एवम् सांस्कृतिक महत्वका स्थलले यहाँको गरिमा र महत्व चुलिएको छ।

समुद्री सतहबाट एक हजार ७७४ मिटरको उचाइमा रहेको रमणीय राइनासकोट नेपालको महत्वपूर्ण ऐतिहासिक स्थल पनि हो। यहाँबाट देखिने एक सय ८० डिग्रीको बिन्दुमा एकैसाथ नाङ्गो आँखाले धवलागिरिदेखि गणेश हिमालसम्मका १८ वटा हिमशृङ्खलाले यहाँको महत्वलाई अझै उँचो बनाएका छन् । गाउँमा प्राचीन मौलिकता जोगाउने गरी परम्परागत घुमाउने घरसँगै स्थानीयको कला, संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ सङ्ग्रहालयसमेत स्थापना गरिएको छ।

लमजुङको राइनास नगरपालिकामा पर्ने यो स्थललाई नेपालको एकीकरणमा गौरवशाली भूमिका र पहिचान स्थापित गरेको महत्वपूर्ण किल्लाका रुपमा लिने गरिन्छ । रागीनासको नामले परिचित यो ठाउँ पछि अपभ्रंश हुँदै राइनास बन्न गएको बताइन्छ । इतिहासअनुसार शाह वंशीय पहिलो राजा कुलमण्डनका कान्छा छोरा यशोब्रह्म शाहद्वारा स्थापित लमजुङ-राइनासकोट राज्यको पछि उनका छोराहरू नरहरि शाहले थप सुदृढ़ीकरण गरे भने द्रव्य शाहले चेपेघाट-लिगलिगको दौडमा विजय हासिल गर्दै १६१६ सालमा गोरखाका राजा भएका थिए।

दाजु नरहरि शाहले पश्चिम लमजुङको राजकाज पाएपछि द्रव्य शाह (विसं १६१६-१६२७) पूर्वी किल्लाको राजा बनेका थिए। राइनास कोटमा बस्ने द्रव्य शाहले लिगलिगकोट दौडमा विजय हासिल गरेपछि लिगलिग कोटको राजा भएपछि नेपालको एकीकरणको सुरुआत भएको हो । लिगलिगको दौडमा विजयी हुने रणनीति द्रव्य शाहले राइनासकोटमा नै बसेर गरेका कारण पनि यसलाई रणनीतिक कोटका रुपमा समेत लिने गरिन्छ।

त्यही रणनीतिअनुसार राइनासकोटबाट द्रव्य शाह दलबलसहित लिगलिगको दौडमा सहभागी हुन पुगेका थिए। मगरहरूसँग दौडेका द्रव्य शाहले रणनीतिक रुपमा दौड जितेर लिगलिगकोटको राजा भए र त्यसपछि दौडेर राजा हुने परम्पराको नै अन्त्य गरे। गोरख ग्रन्थमा उल्लेख भएबमोजिम गुरु गोरखनाथ पहिलोपटक तत्कालीन राजकुमार द्रब्य शाहको राइनासकोटको गाईगोठमा गएर आर्शिवाद दिएका थिए।

आशिर्वादसँगै उनको राज्य बिस्तारको अभियान सफल हुँदै गएको मानिन्छ । पृथ्वीनारायण शाहले आफ्नो नेपाल एकीकरणको अभियानलाई सफल पार्नका लागि राइनासकोटमा नै बसेर योजना बनाएको पनि इतिहासमा उल्लेख छ। गुरु गोरखनाथको निर्देशनअनुसार पृथ्वीनारायण शाह बेलाबेलामा राइनासकोट पुगी विभिन्न रणनीति तय गर्ने गरेको बताइन्छ।

उनले समयसमयमा राइनासकोट पुगी पूजाआजा गर्ने गरेको सिद्धबाबाको मन्दिर आदिले यहाँको ऐतिहासिक महत्वलाई उजागर गरेका छन् । ढुङ्गाको पर्खालले वरिपरि घेरिएको गोलाकार किल्लाभित्र रहेको सिद्धबाबाको मन्दिरका साथै कोटेश्वर महादेव, कालिका मन्दिरमा यहाँका स्थानीयले परापूर्व कालदेखि श्रद्धाभक्तिका साथ पूजाआजा गर्दै आएका छन् । मनले चिताएको जनविश्वासका कारण आसपासका सर्वसाधारण यी धार्मिक स्थलमा पुग्ने गरेका छन्।

शाहवंशीय राजाको उद्गमस्थलका रुपमा यो स्थलमा रहेका ऐतिहासिक एवम् धार्मिक महत्वका थानी माई, शिव मन्दिर, कालिका मन्दिर महत्वपूर्ण धार्मिक पर्यटकीय आकर्षण हुन् । परम्परागत मौलिकतामा आधारित घाटु, चुड्का जस्ता संस्कृतिलाई बचाइएका कारण यो स्थलको सांस्कृतिक रुपमा पनि उत्तिकै महत्वपूर्ण रहेको स्थानीयवासी एवम् राइनासकोट सामुदायिक होमस्टेका सदस्य तुलसीमाया गुरुङले बताउनुभयो।

राइनासकोटमा घरवासको विकास भने २०७२ सालको भूकम्प पछि गरिएको बताउँदै उहाँले हाल यहाँका २० घरमा घरवास सञ्चालन गरिएको बताउनुभयो । भूकम्पले भत्किएका घरसँगै यहाँको धार्मिक सम्पदाहरू पुनर्निर्माण गरिएको उहाँले बताउनुभयो। "होमस्टे सञ्चालनले हामीलाई दैनिकी सञ्चालनमा सहयोग पुगेको छ", उहाँले भन्नुभयो, "यहाँका प्रत्येक घरमा १० जनासम्म बस्न सक्ने गरी व्यवस्था मिलाइएको छ ।" आफूहरूले २०७४ सालदेखि घरवास सञ्चालन गर्दै आएको बताउँदै गुरुङले पर्यटकको बढ्दो आकर्षणले आँफूहरूलाई उत्साहित बनाएको बताउनुभयो।

राइनासकोटको पर्यटकीय आकर्षण बढेसँगै विगतमा गाउँ छोडेर गएका स्थानीयवासी पनि फर्किएर घरवास सञ्चालन गर्न थालेका छन् । करिब २० वर्षअघि गाउँ छोडेर गएका स्थानीय तीर्थकुमारी गुरुङको परिवार भूकम्पपछि गाउँ फर्किएर घरवास सञ्चालन गरिरहेको छ। त्यस्तै यहाँका अन्य स्थानीयवासी पनि घरवास सञ्चालन गरिरहेका छन्। पछिल्ला वर्षमा राइनासकोटमा घरवासमा बस्नका लागि टाढाटाढाबाट मानिसहरू आउने गरेको बताउँदै उहाँले पुस महिनामा धेरै समूहहरू आएको जानकारी दिनुभयो।

घरबासमा आउने पर्यटकका लागि एक हजार १५० रुपैयाँको प्याकेज राखिएको छ । उक्त प्याकेजअनुसार घरवासमा आएका पर्यटकले पुग्नासाथ खाजा, चिया, बेलुकाको खाना र भोलिपल्ट बिहान नास्ता खान पाउँछन् । पर्यटकको आवश्यकताअनुसार उनीहरूका लागि सांस्कृतिक कार्यक्रम समेत सञ्चालन गर्ने गरिएको उहाँले बताउनुभयो । प्योकजअन्तर्गतको ५० रुपैयाँ होमस्टे सञ्चालक समितिको कोषमा राख्ने गरिएको उहाँले बताउनुभयो।

राइनासकोट वीर भक्ति थापासँग जोडिएको गाउँ समेत भएकाले गाउँको माथि भक्ति थापाको शालिक समेत स्थापना गरिएको र उक्त स्थललाई भक्ति थापा पार्कका रुपमा विकास गर्न लागिएको राइनासकोट नगरपालिकाका प्रमुख खड्गबहादुर गुरुङले बताउनुभयो । आसपासका पर्यटकीय सम्भावनायुक्त स्थलहरूको विकास गर्दै पर्यटकीय रुपमा देश तथा विदेशमा यसको प्रवर्द्धन गरिने उहाँको भनाइ छ।

# पूर्वाधार र सेवालाई प्रभावकारी बनाउन निर्देशन



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्वास्थ्य क्षेत्रमा देखापरेका चुनौतीको व्यवस्थापनका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निर्देशन दिएका छन् । प्रतिष्ठानको १२औं सभालाई आईतबार सम्बोधन गर्दै उनले थप पूर्वाधारको विकास तथा अस्पतालको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रतिष्ठानका पदाधिकारीलाई निर्देशन दिए ।

आम नागरिक स्वस्थ नभइकन विकास र समृद्धि सम्भव नहुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबै नागरिकलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनुपर्नेमा जोड दिए । उनले भने, "स्वस्थ र निरोगी नागरिकबाट नै मुलुकको आर्थिक र सामाजिक रूपान्तरण सम्भव हुन्छ ।" समुदायमा आधारित सेवा प्रवाह गर्नु प्रतिष्ठानको उत्तम पहल भएको उल्लेख गर्दै कुलपति दाहालले यस्ता कार्यक्रममा अन्य मिल्दोजुल्दो कार्यक्रम पनि समेटेर अझ बढी सशक्त बनाएर अगाडि बढ्न निर्देशन दिए ।

उनले भने, "अन्य प्रतिष्ठान एवं शैक्षिक संस्थाबाट पनि यसप्रकारको कार्यक्रम अगाडि बढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउँछु ।" नेपाल अधिकांश भू-भाग ग्रामीण क्षेत्रले ओगटेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री दाहालले ग्रामीण क्षेत्रमा स्तरीय स्वास्थ्योपचारको व्यवस्था मिलाउन दक्ष तथा सामाजिक उत्तरदायित्वको भावनाबाट अभिप्रेरित डाक्टरलगायत स्वास्थ्यकर्मी उत्पादन गरी स्वास्थ्य सेवाको पहुँच ग्रामीण स्तरसम्म विस्तार गर्दै जानुपर्ने खाँचो औँल्याए ।

उनले भने, "मानव विकास परिसूचकाङ्कमा पछि परेका तथा गुणस्तरीय स्वास्थ्य सेवामा कम पहुँच भएका नागरिकलाई बढी लाभान्वित तुल्याउने गरी आफ्नो सेवामा सुधार ल्याउन प्रतिष्ठानलाई निर्देशित गर्दछु ।" प्रधानमन्त्री प्रचण्डले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा तथा यससँग सम्बन्धित वैज्ञानिक अनुसन्धान गरी समस्त स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदान सह्रानीय रहेको बताए । सभामा स्वास्थ्य तथा जनस८्यामन्त्री, राष्ट्रिय योजना आयोगका सदस्य, ललितपुर महानगरपालिकाका प्रमुख, विभिन्न प्रतिष्ठानका उपकुलपतिको उपस्थिति थियो ।

# भूमिकालाई सशक्त बनाउन जरुरी छ : सांसद परियार

काठमाण्डु । पछिल्लो एक वर्षको संसदीय अभ्यासलाई नियाल्दा सरकारले अगाडि सारेका कानुनका सन्दर्भमा धेरै छलफल, बहसभन्दा पनि संसद् अवरुद्धका कारण बढी समय खर्चिनुपर्ने स्थिति खडा भयो । संसद्बाट कानुन निर्माणदेखि जनताका समस्या सम्बोधनमा अपेक्षाअनुरुप भूमिका निर्वाह गर्न सकेनौँ । अघिल्लो अधिवेशनमा संसद्लाई प्रभावकारीरूपमा सञ्चालन गर्न नसकेको महसुस भएको छ ।

संसद्मा पुगिसकेपछि मुलुकमा कस्ता-कस्ता कानुन आवश्यक छन् भन्नेबारेमा पनि हामीले छलफल गर्ने थलोका रूपमा संसद्लाई प्रयोग गर्ने गरेका छौँ । सरकारलाई आवश्यक पर्ने कानुन के-के हुन् भन्ने सन्दर्भमा गृहकार्य गर्न जरुरी छ । सरकार सञ्चालनका लागि आवश्यक पर्ने ऐन, कानुन संसद्मा पेस गर्ने र संसद्मा व्यापकरूपमा छलफल गरेर ती कानुन पारित गर्नेतर्फ सांसद केन्द्रित हुनुपर्छ । विगतमा त्यो गर्न सकेनौँ । जसले गर्दा धेरै महत्व राख्ने ऐन, कानुन अघिल्लो अधिवेशनमा पारित गर्न नसकेको अवस्था रह्यो ।

संसद् कानुन पारित गर्ने मात्र नभई सरकारलाई ध्यानाकर्षण गराउने निकाय पनि हो । जनताका समस्या संसद्मार्फत सरकारलाई सहज र सचेत गराउनका लागि हामी तदारुकताकासाथ लाग्नुपर्छ । आगामी दिनमा संसद्को भूमिकालाई प्रभावकारी बनाउने विषयलाई मध्यनजर गर्दै सांसद, राजनीतिक दलले आ-आफ्ना सांसदलाई अभिमुखीकरण गर्ने, सांसदको भूमिकालाई प्रभावकारी बनाउने सम्बन्धमा आ-आफ्नो संसदीय दलमा पनि छलफल गर्न आवश्यक छ । समग्रमा संसद्को प्रमुख भूमिकामा सभामुख हुनुहुन्छ । सभामुखले पनि समितिबाट गर्नुपर्ने काम समयमा भए/ भएन् ? समितिमा गएका कतिपय कानुनमा ढिलासुस्ती भएको छ/छैन ? कसरी प्रभावकारीरूपमा विधेयक पारित गर्न सकिन्छ भन्ने विषयमा अझ सशक्त भूमिका देखाउन आवश्यक रहेको छ ।

अबको अधिवेशनमा संसद्को भूमिकालाई प्रभावकारी बनाउन जरुरी छ । सरकाले निजामती ऐन, प्रहरी ऐनलगायतका कानुन यथाशीघ्र ल्याउन सकोस् भन्ने जनताको चाहाना र प्रदेश सरकारको आवश्यकता महसुस भएको छ । सङ्घीय तथा प्रादेशिक कानुन नबनेसम्म स्थानीय कानुनको औचित्य रहँदैन । कतिपय स्थानीय तहले आफ्नो क्षेत्राधिकारमा रहेर कानुन निर्माण गर्नुभएको छ । तर ती कानुन सङ्घीय कानुनसँग बाझिनेगरी निर्माण भइरहेको पाइन्छ । त्यसकारण सङ्घीय सरकार समयसापेक्ष कानुन निर्माणमा सक्रिय हुन आवश्यक छ । सङ्घीय सरकारको नेतृत्वदायी भूमिकालाई सशक्त बनाउन सकेमा मात्र अबको संसद्लाई प्रभावकारी बनाउन सक्छौँ ।




सङ्घीयताको आधारभूत सिद्धान्त भनेको राज्यको शक्ति र अधिकारलाई विकेन्द्रीकृत गर्नु हो । मुलुकको नेतृत्व र संविधानले दिएको अधिकारको अभ्यास तीनै तहका निर्वाचित प्रतिनिधिबाटै हुने गर्दछ । संविधान कार्यान्वयनको मूल विषय राजनीतिक पक्षसँग जोडिएको हुन्छ । राजनीतिक क्षेत्रले सङ्घीयता कार्यान्वयनका प्रक्रियालाई नेतृत्व र निर्देशित गर्ने गर्दछ । तसर्थ सङ्घीयताको कार्यान्वयनमा राजनीतिक दलको नेतृत्वदायी भूमिका रहन्छ । संविधानअनुसार राज्यको पुनःसंरचना गरिएको भएता पनि अभ्यासको हिसाबले सङ्घीयताले निम्त्याएको प्रदेशको संरचना नितान्त नयाँ अभ्यास हो तर यो संरचनाले नै आफ्नो अस्तित्व प्रभावकारीरूपमा स्थापित गर्न नसकेको अवस्था छ । त्यसकारण प्रदेशको भूमिका सबल बनाउन आवश्यक छ ।

पछिल्लो समय विशेषगरी युवा वर्ग बाह्य मुलुकमा अध्ययन तथा रोजगारीका लागि जाने बढ्दो क्रम छ । यो विषय आफैँमा सुःखद् पक्ष होइन । रोजगारीकै लागि शिक्षा आर्जन गर्ने नाममा विदेश गएको अवस्था छ । तथापि मुलुकभित्रै धेरै सम्भावना छ । केही गर्न सकिन्छ भन्ने वातावरण सिर्जना गर्नुपर्ने दायित्व हामी राजनीतिक दलको नै हो । भएका कमी-कमजोरीलाई छलफल गरी सबै राजनीतिक दलको साझा धारणा बनाएर अगाडि जान सक्यौँ भने मात्र यी समस्याको समाधान निकाल्न सक्छौँ भन्ने मलाई लाग्छ ।

सीमित स्रोत साधनका बाबजुद पनि सरकारलाई जनताका आवश्यकता परिपूर्ति गर्नुपर्ने बाध्यता हुन्छ । मुलुकको आर्थिक अवस्थाअनुसार विगतदेखि सञ्चालनमा आएका कतिपय आयोजना पूरा गर्नुपर्ने अवस्था छ । जसले गर्दा जनताका अपेक्षा पूर्णरूपमा साकार गर्न सकेका छैनौँ । अपेक्षाअनुरुपको प्रतिफल प्राप्त गर्न सकेका छैनौँ । तसर्थ सरकारले भएकै स्रोत साधनबाट कसरी बढीभन्दा बढी जनताका आवश्यकतामा परिपूर्ति गर्नेतर्फ ध्यान दिँदै जनतालाई सुशासनको प्रत्याभूति गर्नेतर्फ केन्द्रित हुन आवश्यक छ । आगामी दिनमा सरकारलाई अझ प्रभावकारी बनाउन प्रादेशिक, स्थानीय सरकारलाई सुदृढ बनाएमा आम जनताको चाहनालाई पूरा गर्न सकिन्छ । त्यसतर्फ हामीले ध्यान दिनुपर्छ ।

सांसदको जिम्मेवारी बहन गर्ने क्रममा थप मेरो दुई खालको भूमिका छ । एक, मेरो निर्वाचन क्षेत्र कास्की जिल्ला । अर्को, समग्र दलित समुदाय । म दलित समुदायबाट प्रतिनिधित्व गर्दै संसद्मा पुगेको छु । जनताका खानेपानी, सडकलगायतका विकास निर्माणका संरचना अपेक्षाका साथै सर्वसुलभ शिक्षा, स्वाथ्यको अधिकारका विषयमा सहजीकरण गर्न पहल गरिरहेका छौँ । जिल्लाको समग्र विकासको लागि पनि म सङ्घीय सांसद भएको हिसाबले सिङ्गो जिल्लाका लागि सोच्नुपर्ने हुन्छ ।

मुलुकमा वर्तमान समयमा दलित समुदायको मुद्दाका विषय उठिरहेका छन् । जातीय विभेद, छुवाछूत, अन्तरजातीय विवाहका कारण भएका घटनाबाट पीडित भएका व्यक्तिहरू छन् । कानुनविपरीत तथा मानवअधिकार उल्लङ्घनका घटना देशभरि अस८्यरूपमा घटेका छन् । पीडित जनतालाई न्याय दिलाउनका लागि मैले कसरी सरकारको ध्यानाकर्षण तथा सचेत गराउन सक्छु । त्यसतर्फ मैले संसद्मार्फत रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने दायित्व छ ।

(गण्डकी प्रदेश, कास्की जिल्ला स्थायी ठेगाना हुनुभएका सांसद परियार नेपाली कांग्रेसबाट हाल समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य हुनुहुन्छ । विसं २०४६ बाट राजनीतिमा आबद्ध हुनुभएका सांसद दोस्रो संविधानसभा सदस्य हुनुहुन्छ । उहाँ पार्टीको १४औँ महाधिवेशनमा सहमहामन्त्री पदमा निर्वाचित हुनुभएको थियो । लामो समयदेखि दलित आन्दोलनसँग जोडिँदै आउनुभएका सांसद परियारले विसं २०६६ देखि २०६८ सम्म राष्ट्रिय दलित आयोगको सदस्यसचिवको जिम्मेवारीसमेत निर्वाह गर्नुभएको छ ।)रासस

# 'अनुगमन र मूल्याङ्कनका लागि कानुनी आधार आवश्यक '

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मुलुकमा सञ्चालन हुने विकास निर्माणका आयोजनाको अनुगमन र मूल्याङ्कन गर्ने कानुनी आधार आवश्यक रहेको बताएकी छन् ।

अनुगमन तथा मूल्याङ्कन विधेयक २०७६ मा राज्यव्यवस्था तथा सुशासन समितिमा भएको सैद्धान्तिक छलफलमा उनलेप्रधानमन्त्री, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयले अनुगमन तथा मूल्याङ्कनको कानुनी आधार प्रदान गर्न्न विधेयक ल्याइएको स्पष्ट पारिन् । राष्ट्रियसभामा उत्पत्ति भई मातहतको विषयगत समितिले आवश्यक संशोधन गरी सभामा पेश गरिएकामा त्यहाँबाट पारित भई विधेयक प्रतिवेदनसहित प्रतिनिधिसभामा पठाइएको थियो । प्रतिनिधिसभाले विधेयकलाई थप समृद्ध तुल्याउन राज्यव्यवस्था तथा सुशासन समितिमा पठाएको हो । मुलुकमा धेरै विकास आयोजना सञ्चालनमा रहेका र पछिल्लो समय तीन तहका सरकार गठनपछि कुन आयोजनाको कसले अनुगमन तथा मूल्याङ्कन गर्ने भन्ने स्पष्ट कानुनी व्यवस्था नभएको सन्दर्भमा उक्त विधेयक ल्याइएको हो ।

स्थानीय तह, प्रदेश र सङ्घले विकास आयोजना सञ्चालन तथा अनुगमन पनि भइरहेको सन्दर्भमा निश्चित कानुनी व्यवस्था आवश्यक रहेकाले विधेयक ल्याउनुपरेको मन्त्री शर्माले बैठकलाई जानकारी गराईन् । हाल



प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास परिषद्, मन्त्रीस्तरमा विकास परिषद् तथा प्रदेश र स्थानीय तहले पनि आ-आफनै ढङ्गबाट अनुगमन गर्ने अभ्यास रहिआएको छ ।

प्रस्तावित विधेयकमा तेस्रो पक्षद्वारा अनुगमन र मूल्याङ्कन गर्न सकिने व्यवस्था छ । अनुगमन तथा मूल्याङ्कनका लागि केही नयाँ संयन्त्रसमेत प्रस्ताव गरिएको छ । मन्त्री शर्माले तीनै तहले सञ्चालन गर्ने आयोजनाको अनुगमन र मूल्याङ्कन कुन ढङ्गबाट हुने, नीतिगत व्यवस्था के रहने तथा संरचानागत व्यवस्था कस्तो हुने विषय विधेयमा समावेश गर्न जरुरी रहेको बताईन् ।

अनुगमनलाई चुस्त, दुरुस्त र प्रभावकारी तुल्याउन कानुनी मान्यता तथा वैधता कसरी दिने भन्ने विषय विधेयकमा समेटिन आवश्यक रहेको जनाउँदै उनले आयोजनाको नियमित अनुगमन र मूल्याङकन नै विधेयकको महत्व तथा विशेषता रहेको जानकारी दिईन् । उनले भने, "विधेयक पारित भएसँगै विकास आयोजनाका अनुगमन र मूल्याङ्कनका आधार, अनुगमनसम्बन्धी नीतिगत व्यवस्था र मापदण्ड निर्धारण हुनेछ ।"

बैठकमा सदस्यहरुले पूर्वाधार निर्माणमा धेरै भ्रष्टाचार र विकृति भएकै कारण सम्झौता भए अनुरुप समयसीमाभित्र आयोजना नसकिने र मिलोमतोमा लागत बढाइने गरेको विचार प्रकट गरे । उनीहरुले विस्तृत परियोजना प्रतिवेदन उल्लेखित लागतको ५० प्रतिशतसम्म थोरैमा निर्माणका लागि सम्झौता गर्ने, गुणस्तरीय र टिकाउ नहुन अनि लागत तथा समय थप्दै जाने कार्यले सुशासन प्रवर्द्धन गर्न नसक्ने धारणा राखे ।

विधेयकका सशोधनकर्ता प्रदीप पौडेलले राष्ट्रिय गौरवका आयोजनासमेत समयमा पूरा गर्न नसक्ने प्रवृत्तिलाई अन्त्य गर्न दोषीलाई कानुनी दायरामा ल्याउनुको विकल्प नरहेको बताए । उनले भने, "समयमै आयोजना पूरा नगर्ने समस्या सम्बोधन नगर्ने हो भने मुलुकको विकास गर्न निकै ठूलो चुनौती हुन्छ, अनुगमन र मूल्याङकनका लागि वैकल्पिक समयन्त्र बनाइ राज्यका संरचना र ठेकेदारलाई जवाफदेही बनाउनै पर्छ ।"समितिका सदस्य रघुजी पन्तले मुलुकलाई आवश्यक कानुन फटाफट दिन नसकेकामा संसद् र सांसदको आलोचना भइरहेको सन्दर्भमा महत्वपूर्ण संशोधन कम भएकाले विधेयक छिटो पारित गर्नेतर्फ समितिका सबै सदस्यको जोडबल आवश्यक रहेको बताए ।

अर्का सदस्य दिलेन्द्रप्रसाद बडूले विकास नीति र आयोजना छनोट अनुगमन प्रक्रियासमेत विधेयकमा समावेश गर्न जरुरी देखिएको बताए । सदस्य हेमराज राईले अनुगमन र मूल्याङ्कनलाई दीगो तुल्याउन तथा विकास निर्माणका आयोजना अघि बढाउने सन्दर्भमा परम्परागत स्रोत र सम्पत्तिको संरक्षणमा पनि ध्यान पुऱ्याउन आवश्यक रहेको धारणा राखे ।

# जनताका गुनासा सुन्दै महामन्त्री थापा

**टुडे समाचारदाता**

बेलबारी । समुदायमा पुगेर जनताका अपेक्षा, सुझाव र गुनासा सुन्ने नेपाली कांग्रेसको 'समुदायमा कांग्रेस' अभियान शनिबारदेखि सुरु भएको छ । स्थानीयस्तरमा सेवा प्रवाहको अवस्था, विकास निर्माण र समुदायमा भएका असल अभ्यासको अवलोकन गर्ने र जनताबाट आएका सुझावलाई त्यहीँ कार्यान्वयनका लागि पहलकदमी लिने भन्दै कांग्रेसले शनिबारदेखि यो अभियान सुरु गरेको हो ।



मोरङको पुरानो सदरमुकाम रङ्गेली नगरपालिका हुँदै नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा नेतृत्वको टोली जहदाको राम चोक, कटाहरी हुँदै विराटनगर आइपुगेको हो । शनिबार झापाबाट अभियानको सुरुआतका क्रममा महामन्त्रीद्वय गगनकुमार थापा, विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र सांसद प्रदीप पौडेल पनि सहभागी रहेका थिए ।

उक्त अभियानमा आइतबार नेपाली कांग्रेसका प्रदेश सभापति उद्धव थापा, केन्द्रीय सदस्य अमृत अर्याल, भीम पराजुली लगायतको सहभागिका रहेको छ । यो अभियानबाट पार्टीको आसन्न महासमिति बैठकलगायत पार्टीको नीतिनिर्माणका क्रममा नीतिगत मार्गदर्शन प्राप्त हुने बताइएको छ । यस अभियानमा औपचारिक आसन ग्रहण र मन्तव्यलगायत कार्यक्रमहरू छैनन् भने सुरुमै पार्टीको वर्तमान अवस्था र अब गर्नुपर्ने कामका लागि सुझाव माग गरिएको छ ।

आइतबारको मोरङको कार्यक्रममा पनि महामन्त्री थापाले सबै कार्यकर्ता तथा स्थानीय नेताहरुलाई पार्टीका लागि आवश्यक सुझाव दिन र आफ्ना समस्या र गुनासाहरु खुलेरै राख्न आग्रह गरेका थिए । उनले अब पार्टीलाई समुदायस्तरमा नभएर प्रत्येक नेपालीका घरघरसम्म पुर्याउने अभियान सञ्चालन गर्न सबैसँग आग्रह गरेका थिए ।

यस अभियानमा खटिएका नेताहरुले बोल्नेभन्दा पनि स्थानीयका गुनासा सुन्ने कार्यक्रम रहेको नेपाली कांग्रेसका महासमिति सदस्य सुयर्माराज राईले बताए । यो अभियान निकै प्रभावकारी रहेको पनि राईले दाबी गरे ।केन्द्रीय प्रतिनिधिसँग समन्वय गरी जिल्ला कार्यसमितिबाट माघ १५ गतेसम्ममा सबै छ हजार सात सय ४३ वटै वडामा प्रतिनिधि खटिने र अभियान माघ २६ गतेसम्म सञ्चालन हुने जनाइएको छ ।

# चिनियाँ सहयोग महत्वपूर्ण रहेको उपाध्यक्ष अर्यालको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभा उपाध्यक्ष उर्मिला अर्यालले नेपालको समृद्धि र विकासमा चीनको सहयोग महत्वपूर्ण हुने बताएकी छन् । नेपाल भ्रमणमा रहेको चिनियाँ कम्युनिष्ट पार्टीको टोली र नेपाली राजनीतिक दलहरुबीच शनिबार काठमाडौँमा आयोजित संयुक्त परामर्श सम्मेलनलाई सम्बोधन गर्दै उनले सन् २०२६ सम्म नेपाललाई विकासशील देशका रूपमा विकास गर्ने आफूहरूको लक्ष्य रहेको र त्यसका लागि छिमेकी देश चीनको सहयोग जरुरी रहेको बताईन् ।

नेपाल चीनबीचको सम्बन्ध निकै पुरानो र घनिष्ट भएको उल्लेख गर्दै उपाध्यक्ष अर्यालले चिनियाँ कम्युनिष्ट पार्टी र नेपालका राजनीतिक दलहरूबीचको नियमित छलफल, अन्तरक्रिया र आपसी सम्बन्धले दुई देशको सम्बन्ध र सहकार्यमा थप सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिन् । पछिल्लो पटक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को चीन भ्रमणका क्रममा भएको १३ बुँदे सहमतिले दुई देशबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको चर्चा गर्दै उनले सहमति कार्यान्वयनका लागि दुवै देशले आवश्यक प्रक्रिया तदारूकताका साथ अघि बढाउनुपर्नेमा जोड दिईन् ।

दुई देशका पार्टीहरूबीच राजनीतिक संवाद, परामर्श र छलफल गर्न विभिन्न मञ्च बनाउँदा आपसी सम्बन्धमा सकारात्मक प्रभाव पर्नेमा जोड दिँदै उपाध्यक्ष अर्यालले त्यसका लागि नियमित उच्चस्तरीय भ्रमण, छलफलले सफलता मिल्ने बताईन् ।

केही महिनाअघि आफूले चीनको स्वायत्त क्षेत्र सिजाङमा आयोजित ट्रान्स हिमालय फोरममा सहभागी भई नेपालका तर्फबाट सम्बोधन गरेको स्मरण गर्दै उहाँले नेपालको आर्थिक समृद्धि र विकासका लागि चीनको सहयोग अपरिहार्य रहेको दोहोऱ्याईन् । भौतिक पूर्वाधार निर्माण, कृषि क्षेत्रमा आधुनिकीकरण,नेपालकोउत्पादन निर्यातजस्ता विषयमा छिमेकीको सहयोग अत्यावश्यक हुने उनको भनाइ थियो ।

सो अवसरमा चिनियाँ कम्युनिस्ट पार्टी (सिपीसी) अन्तरराष्ट्रिय विभागकी उपमन्त्री सुन हाइयान, नेपालस्थित चिनियाँ राजदूत छन सोङलगायतले नेपाल-चीन सम्बन्धका विविध आयामबारे धारणा राख्नुभएको थियो । कार्यक्रममा नेपाली कांग्रेसका नेता शशाङ्क कोइराला, नेकपा (एमाले) का महासचिव शङ्कर पोखेल, नेकपा (माओवादी केन्द्र) का महासचिव देव गुरुङ, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता शिशिर खनाललगायतको सहभागिता थियो ।

# सरकारले जनपक्षीय काममा प्राथमिकता दिनुपर्ने नेपालको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले वर्तमान सरकारले जनपक्षीय काम गर्ने प्रयास गरिरहेको जनाउँदै यो प्रयासलाई अझ बढाउनुपर्नेमा जोड दिएका छन् ।

पार्टीको केन्द्रीय परिषद्को दोस्रो बैठकको आइतबार उद्घाटन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका उनले सरकारले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायमका लागि प्रयास गरिरहेको र यो प्रयासलाई अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका हुन् । अध्यक्ष नेपालले लोकतान्त्रिक गणतन्त्रको उपलब्धिलाई कमजोर तुल्याउने वा व्यवस्था परिवर्तन गर्ने कोसिस भइरहेकामा चिन्ता व्यक्त गर्दै वर्तमान व्यवस्थाका पक्षधर सजग हुनुपर्ने बताए ।

"मुलुकको वर्तमान अवस्थामा जनताको निराशा र आक्रोशलाई उपयोग गर्दै प्रतिगमनकारी विद्यमान व्यवस्था परिवर्तनको नाममा विभिन्न गतिविधि गरेर राजनीतिक अस्थिरता पैदा गराउने र सामाजिक सद्भाव खलबल्याउने अवस्थाप्रति सरकार र दलहरु सजग हुनुपर्छ", अध्यक्ष नेपालले भने ।

कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा दुई दिनसम्म सञ्चालन हुने उक्त बैठकमा अध्यक्ष नेपालले मुलुकको राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई बलियो बनाउनुपर्नेमा जोड दिए । उनले समाजमा विद्यमान वर्गीय शोषणको अन्त गरी जनताको आर्थिक रुपान्तरण गर्न पार्टीले अवलम्बन गरेका वैचारिक दृष्टिकोण तथा आदर्शलाई स्थापित गर्न आवश्यक रहेको बताए।

उनले विश्व राजनीतिको चर्चा गर्दै उहाँले अन्तर्राष्ट्रिय मुद्रास्फितिले विश्व सामाजिक परिवेशमा हुनसक्ने प्रभावका साथै त्यसले मुलुकको अर्थतन्त्रमा पर्ने नकारात्मक असरबारे धारणा राखे । नेपालको कम्युनिस्ट आन्दोलनलाई बलियो बनाउन समाजवादी मोर्चा गठन गरिएको उल्लेख गर्दै अध्यक्ष नेपालले सामाजिक अन्तर्विरोधको न्यूनीकरण गर्न वर्गीय विभेद्को अन्त्य गर्नुपर्ने बताए ।

उनले तीन तहको सरकारमा पार्टीको सहभागिता रहेको जनाउँदै जनताको सेवालाई केन्द्रमा राखेर कार्य गर्न पार्टीका जनप्रतिनिधिलाई निर्देशन दिए । विद्यमान समाजवादी मोर्चालाई कायमै राख्नुपर्ने भन्दै उनले हालैको राष्ट्रियसभा निर्वाचनको परिणामका आधारमा वर्तमान सत्ता गठबन्धन विभाजित हुन नहुने पनि बताए ।

उनले बैठकबाट पारित विधानबमोजिम पार्टीको प्रथम महाधिवेशन हुने जानकारी दिए । सो अवसरमा पार्टीका वरिष्ठ उपाध्यक्ष डा वेदुराम भुसाल, महासचिव घनश्याम भुसाललगायतले राष्ट्रिय राजनीतिमा पार्टीको भूमिका, नेकपा (एमाले) बाट अलग भएर नयाँ पार्टी गठन गर्नुको औचित्यका विषयमा सम्बोधन गरेका थिए ।

# उत्तर कोरियाले क्रुज क्षेप्यास्त्रहरू प्रहार गरेको दक्षिण कोरियाको भनाइ

एपी

सोल । उत्तर कोरियाले मुलुकको पूर्वी तटमा एउटा प्रमुख सैन्य शिपयार्ड नजिकै पानीमाथि उडान भर्ने क्रुज क्षेप्यास्त्रहरू प्रहार गरेको दक्षिण कोरियाको सेनाले आइतबार बताएको छ । उत्तर कोरियाको उक्त कदमबाट हतियार परीक्षणहरूको सिलसिला बढेको छ र यसले अमेरिका, दक्षिण कोरिया र जापानसँग तनाव बढाएको छ ।



प्रक्षेपणहरू गत साता उत्तर कोरियाली क्रुज क्षेप्यास्त्र परीक्षणहरूको अर्को चरण र जनवरी १४ मा मुलुकको पहिलो ठोस-इन्धन मध्यमदूरीको ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षणपछि गरिएको हो । यी परीक्षणहरूले उत्तर कोरियाका नेता किम जोङ उनको दक्षिण कोरिया र जापानमा क्षेप्यास्त्र प्रतिरक्षा तथा गुआमसहित प्रशान्त क्षेत्रमा टाढाको अमेरिकी लक्ष्यहरूलाई प्रभावित गर्नका लागि डिजाइन गरिएको हतियारहरूको विस्तार गर्ने प्रयासलाई प्रतिविम्बित गर्दछन् ।

दक्षिण कोरियाका संयुक्त चिफ अफ स्टाफले उत्तर कोरियाली बन्दरगाह सिनापो नजिक पानीमाथि क्षेप्यास्त्रहरू पत्ता लगाएका छन् । त्यहाँ उत्तर कोरियाको क्षेप्यास्त्र-प्रहार पनडुब्बीसहित प्रमुख नौसैनिक जहाजहरूको निर्माण गर्ने प्रमुख शिपयार्ड छ। उत्तर कोरियाले प्रहार गरेको क्षेप्यास्त्रहरूको सङ्ख्या, कति टाढा उडेका थिए र जमीन वा नौसैनिक सम्पत्तिहरूबाट प्रक्षेपण गरिएको थियो वा थिएन भन्नेबारे दक्षिण कोरियाको सेनाले तत्काल विशिष्ट प्रक्षेपणको विवरण दिएको छैन । किमले आफ्ना हतियारहरूको विकासमा तीव्रता दिइरहनुभएको र उहाँले एसियाली सहयोगीहरूसँग आणविक द्वन्द्वको उत्तेजक धम्कीहरू जारी गरिरहनुभएकाले हालैका महिनाहरूमा कोरियाली प्रायद्वीपमा तनाव बढेको छ । यसको जवाफमा अमेरिका, दक्षिण कोरिया र जापानले संयुक्त सैन्य अभ्यासको विस्तार गर्दै आएका छन्। यसलाई किमले आक्रमणको पूर्वाभ्यासका रूपमा चित्रण गर्नुभएको छ र आणविकसक्षम अमेरिकी सम्पत्तिहरू वरपर निर्मित प्रतिरोध रणनीतिहरूलाई तीव्रता दिइरहनुभएको छ ।

गत साता आफ्नो प्रक्षेपणमा पुलह्वासल-३-३१ नामक नयाँ क्रुज मिसाइल समावेश गरेको र आफ्नो सेनाको विकास गर्ने नियमित हिस्सा भएको उत्तर कोरियाले बताएको छ ।

उसले उक्त क्षेप्यास्त्रलाई 'रणनीतिक' भन्नुभयो । यसले आणविक हतियारहरूले सशस्त्र बनाउने सम्भावित उद्देश्यलाई सङ्केत गर्दछ । उत्तर कोरियाको क्रुज क्षेप्यास्त्रहरू मुलुकको ब्यालेस्टिक क्षेप्यास्त्रहरूको विशाल लाइनअपको पूरक हो जसमा अमेरिकी मुख्य भूमिसम्म पुग्नका लागि डिजाइन गरिएको अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र पनि समावेश छन् ।

संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धअन्तर्गत उत्तर कोरियाली क्रुज क्षेप्यास्त्र गतिविधिहरूमाथि प्रत्यक्षरूपमा प्रतिबन्ध नभए पनि विशेषज्ञहरूले यी हतियारले सम्भावितरूपमा दक्षिण कोरिया र जापानका लागि गम्भीर खतरा उत्पन्न गर्नसक्ने बताएका छन् । तिनीहरूलाई साना हवाईजहाज जस्तै उड्ने गरी डिजाइन गरिएको छ र राडारहरूले पत्ता लगाउन कठिन हुनसक्ने परिदृश्यमा यिनीहरू उड्छन् ।

उत्तर कोरियाले सन् २०२१ पछि जमिन र समुद्र दुवैबाट प्रहार गरिने लामो दूरीका क्रुज क्षेप्यास्त्रहरू कम्तीमा पनि १० चरणमा परीक्षण गरेको छ । उत्तर कोरियाले आफ्ना हतियार आणविकसक्षम रहेको र तिनीहरूको दायरा दुई हजार किलोमिटरसम्म रहेको दाबी गरेको छ। दुई हजार किलोमिटरको दूरी भनेको जापानमा अमेरिकी सैन्य अड्डासम्मको हो ।

# प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेटमा आर्मीको जित

टुडे समाचारदाता

काठमाण्डु । जारी प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशमाथि एक सय ६४ रनको फराकिलो अन्तरले जित हासिल गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आर्मीले प्रस्तुत गरेको दुई सय ८० रनको विजयी लक्ष्य पछ्याएको कर्णाली प्रदेश २९ ओभरमा सबै विकेट गुमाउँदै एक सय १५ रनमै समेटियो । कर्णालीका लागि हिमान्शु शाहीले १९, दिवान पुनले १८ तथा विपिन शाहीले १४ रन बनाए । त्यसैगरी, कप्तान रवीन्द्र शाही, निश्चल रावल र दीपेन्द्र रावतले समान १२/१२ रन जोडे ।



आर्मीका लागि विवेक यादव र कुशल मल्लले समान तीन/तीन विकेट लिए भने सोमपाल कामीले दुई तथा साहब आलामले एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको आर्मीले निर्धारित ५० ओभरमा पाँच विकेट गुमाउँदै दुई सय ७९ रनको योगफल तयार पारेको थियो । आर्मीका लागि कप्तान विनोद भण्डारीले सर्वाधिक एक सय रनको योगदान दिए । उनले एक सय ३२ बलमा ६ चौका र तीन छक्काको मद्दतमा अविजित एक सय रन जोडेका हुन ।

यसैगरी, बसिर अहमदले अविजित ९८ रन जोडे भने भीम सार्कीले २५, कुशल मल्लले २१ तथा सन्तोष कार्कीले ११ रन बनाए । कर्णालीका लागि दीपेन्द्र रावतले दुई विकेट लिए भने प्रकाश जैसी, दिनेश अधिकारी र दिवान पुनले समान एक विकेट लिए । यस जितसँगै आर्मीले सात खेलमा १० अङ्क जोडेको छ । आर्मी अङ्क तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । यता पराजित कर्णाली भने आठ खेलबाट ६ अङ्कका साथ अङ्क तालिकाको सातौं स्थानमा छ ।

# तेक्वान्दो आइटिएफ च्याम्पियनसिप' काभ्रे एकेडेमीलाई

टुडे समाचारदाता

धुलिखेल । बनेपामा आयोजित 'प्रथम बनेपा मेयर कप तेक्वान्दो आइटिएफ च्याम्पियसिप' आयोजक संस्था काभ्रे तेक्वान्दो आइटिएफ एकेडेमीले हात पार्न सफल भएको छ ।

दुई दिनसम्म सञ्चालन भएको उक्त च्याम्पियनसिपमा आयोजक संस्था १४ स्वर्ण, पाँच रजत र सात कास्य पदकसहित प्रथम भएको हो ।

सो प्रतियोगितामा धुलिखेल तेक्वान्दो आइटिएफ डोजाङ दस स्वर्ण, छ रजत र तीन कास्य पदकसहित दोस्रो र बनेपा तेक्वान्दो आईटिएफ डोजाङ पाँच स्वर्ण, दुई रजत र तीन कास्य पदकसहित तेस्रो भएका छन् । प्रतियोगितामा विजयी खेलाडी र समूहलाई बनेपा नगरपालिका प्रमुख शान्तिरत्न शाक्य, नगर उपप्रमुख विमला सापकोटा दाहाल र राष्ट्रिय खेलकुद परिषद्का सदस्य अञ्जन धमलाले सिल्ड, पदक र प्रमाणपत्र प्रदान गरेका थिए ।

नगर प्रमुख शाक्यले स्वस्थ र अनुशासित बन्नका लागि हरेक व्यक्तिले खेल खेल्नु आवश्यक रहेको बताए । उत्कृष्ट खेलाडीलाई छात्रवृत्ति प्रदान गरिने उल्लेख गर्दै उहाँले खेलेर के पाउँछ भन्ने बुझाइमा रहेका आम अभिभावकलाई उत्कृष्ट खेलाडीले छात्रवृत्ति पनि पाउन सक्छन् भन्ने उदाहरण बनेपा नगरपालिकाले दिने बताए । उपप्रमुख दाहालले खेल विशेष गरी महिलालाई आत्मरक्षाका लागि आवश्यक भएकाले सम्पूर्ण महिलालाई खेलक्षेत्रमा लाग्न आग्रह गरे ।

नेपाल आइटिएफ तेक्वान्दो महासङ्घका केन्द्रीय अध्यक्ष प्रवीण कार्कीले आईटिएफ तेक्वान्दोको विकासका लागि संस्थागत रुपमा लागिरहेको बताए ।

खुला आकाशमुनि धेरै दुःख गरेर खेलाडी उत्पादन गर्दै राष्ट्रिय अन्तर्राष्ट्रियस्तरको खेलाडी उत्पादन गर्न काभ्रेले योगदान पुऱ्याएकामा उनले आभार व्यक्त गरे ।

आयोजक एकेडेमीका संस्थापक अध्यक्ष राजमन्दिर श्रेष्ठले तेक्वान्दो आइटिएफको विकास र आम खेलाडीको विकासका लागि आफूहरू निरन्तर लागिरहेको बताए ।

# संयुक्त राष्ट्रसङ्घका प्रमुख गुटेर्रेसद्वारा गाजामा सहयोगको आग्रह

एएफपी

स ं य ु त ्त राष्ट्रसङ्घ। संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले गत अक्टोबर ७ मा इजरायलमाथि हमासको आक्रमणमा कर्मचारीको संलग्नता रहेको आरोप लागेपछि दातृ राष्ट्रहरूलाई प्यालेस्टिनी शरणार्थी निकाय (यूएनआरडब्लुए) को 'निरन्तरताको ग्यारेन्टी' दिन आग्रह गर्नुभएको छ । गुटेर्रेसले एक विज्ञप्ति जारी गर्दै भन्नुभयो, "मैले उहाँहरूको चिन्ता बुझेको छु । म आफैं यी आरोपहरूप्रति चिन्तित भएको छु । मैले यूएनआरडब्ल्यूएको सहयोगको निरन्तरताको सुनिश्चित गर्न आफ्नो योगदान स्थगित गरेका सरकारहरूलाई जोडदार अपील गर्दछु ।



इजरायलले हमासको आक्रमणमा यूएनआरडब्लुएका कैयौं कर्मचारीको संलग्नता रहेको आरोप लगाउँदै आएको छ जसका कारण केही प्रमुख दातृ राष्ट्रहरूले आफ्नो आर्थिक सहायता रोकेका छन्।यूएनआरडब्ल्यूएले इजरायलको आरोपको लागि धेरै कर्मचारीहरूलाई बर्खास्त गरेको थियो भने दावीहरूको विस्तृत अनुसन्धान गर्ने प्रतिवद्धता जनाएको थियो ।

इजरायलले युद्धपछि गाजामा यूएनआरडब्लुएको काम रोक्ने प्रतिज्ञा गरेको थियो ।संयुक्त राष्ट्रसङ्घको अन्तर ाष्ट्रिय अदालतले शुक्रबार इजरायलले द्वन्द्वमा नरसंहारका सम्भावित गतिविधि रोक्न र गाजामा थप सहायताका लागि अनुमति दिनुपर्ने फैसला सुनाएपछि इजरायल र युएनआरडब्लुएबीच विवाद उत्पन्न भएको हो ।

गुटेर्रेसले भन्नुभएको छ, "यी कर्मचारीहरूको घृणित कथित कार्यको परिणाम हुनुपर्दछ ।""तर यूएनआरडब्लूएमा काम गर्ने दशौं हजार पुरुष र महिलाहरू, धेरै मानवतावादी कामदारहरूको लागि सबैभन्दा खतरनाक अवस्थामा, दण्डित हुनुहुँदैन," उहाँले थप्नुभयो । "तिनीहरूले सेवा गर्ने निराश जनसङ्ख्याको आवश्यकताहरू पूरा गर्नैपर्छ,"उहाँले भन्नुभयो ।

युएनआरडब्लुएका १२ जना कर्मचारीको नाम उक्त अभियोगमा उल्लेख गरिएको पुष्टि गर्दै नौ जनालाई बर्खास्त गरिएको, एक जनाको मृत्यु भएको र अन्य दुईको पहिचान खुलाइएको गुटेर्रेसले बताउनुभएको छ ।संयुक्त राज्य अमेरिका, बेलायत, क्यानडा र स्विट्जरल्याण्डलगायतका आरोपपछि युएनआरडब्लुएका केही प्रमुख दातृ राष्ट्रहरूले आफ्नो सेवा अस्थायी रूपमा स्थगन गर्ने बताएका छन् ।हमासले शनिबार युएनआरडब्लुएविरुद्ध इजरायलको 'धम्की'को निन्दा गर्दै संयुक्त राष्ट्रसङ्घ र अन्य अन्तर्राष्ट्रिय संस्थालाई ' धम्की र ब्ल्याकमेलिङमा नजान' आग्रह गरेको छ ।

गत अक्टोबर ७ मा इस्लामिक समूहले गरेको आक्रमणमा इजरायलमा करिब एक हजार १४० जनाको मृत्यु भएको एएफपीलाई प्राप्त तथ्याङ्कमाउल्लेख छ ।

लडाकूहरूले करिब २५० बन्धकहरूलाई कब्जामा लिएकोमा बन्धक तथा बन्दीहरूको आदानप्रदान सम्झौता अन्तर्गत भएको युद्धविरामका क्रममा कम्तीमा १०० बन्धकलाई फिर्ता गरिएको छ भने तीमध्ये करिब १३२ जना गाजामा रहेको बताइएको छ ।

गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार गत अक्टोबरको अन्त्यदेखि शुरु भएको इजरायली सैन्य कारबाहीमा कम्तीमा २६ हजार २५७ जनाको मृत्यु भएको छ ।

# गरिवलाई सहयोग गर्ने युनुसको प्रतिबद्धता

एएफपी

ढाका। बङ्गलादेशका नोबेल पुरस्कार विजेता मोहम्मद युनुसले आफ्नो वातावरणीय र आर्थिक नीति हासिल गर्न राजनीतिबाट प्रेरित भएको भन्दै अदालती मुद्दाको सामना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

"हाम्रो सपना नयाँ संसार सिर्जना गर्नु हो," मानव अधिकार समूहहरूले व्यापक रूपमा आलोचना गरेको मुद्दामा छ महिनाको जेल सजायविरुद्ध गरिएको अपिलमा औपचारिक रूपमा जमानत पाएपछि ८३ वर्षीय युनुसले अदालत बाहिर पत्रकारहरूलाई भने।

युनुसलाई आफ्नो अग्रणी माइक्रोफाइनान्स बैंकमार्फत लाखौंलाई गरिबीबाट माथि उकास्ने श्रेय दिइन्छ तर उहाँको बङ्गलादेशको लामो समय प्रधानमन्त्री रहेकी शेख हसिनासँगको सम्बन्ध तनावपूर्ण रहेको देखिँदै आएको छ ।

उहाँलाई गरिबहरूको 'रगत चुसेको' आरोप बङ्गलादेशको संस्थापन पक्षले लगाउने गरेको छ ।

विपक्षीले बहिष्कार गरेको चुनावमा भारी मतान्तरले विजयी भएपछि यसै महिना पाँचौं कार्यकालका लागि शपथ लिएकी हसिनाले सन् २००६ को नोबेल शान्ति पुरस्कार विजेता यूनिसको पटकपटक आलोचना गर्नुभएको छ ।

भ्रष्टाचारको प्रमुख आरोपहरू पनि समावेश भएका कम्तिमा १७० अन्य मुद्दाहरूको सामना गरेका युनुसविरूद्ध जनवरी १ मा श्रम कानून उल्लङ्घनसँग सम्बन्धित मुद्दामा पनि जोडिएको थियो ।

उहाँले आफूमाथि लागेका सबै आरोपहरूको खण्डन गर्दै आउनुभएको छ ।

युनुसले भावुक हुँदै आफूले आफ्नो जीवन सबैभन्दा बढी खाँचोमा परेकाहरूलाई सहयोग गर्न समर्पित गरेको र आफ्नो कामलाई निरन्तरता दिन प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँको 'थ्री जिरो' योजनाको उद्देश्य कार्बन उत्सर्जन घटाउनु, बेरोजगारी अन्त्य गर्नु र गरिबी घटाउनु हो ।

युनुसले कसैको नाम उल्लेख नगरिकन भन्नुभयो, "हामीले एउटा सपना पूरा गरेका छौं र यो सपनाको पछि लाग्दा हामीले कसैको चित्त दुखाएका हुनसक्छौं।"

पछिल्लो घटनामा युनुस र ग्रामीण टेलिकमका तीन सहकर्मीमाथि श्रम कानूनको उल्लङ्घन गरेको आरोप लागेको थियो ।

युनुसले यो मुद्दा सरकारी विभागले ल्याएको आरोप लगाए पनि यातायातमन्त्री ओबैदुल कादिरले भन्नुभयो, "यो मुद्दा कामदारले दायर गरेका हुन् ।"

हसिनाले युनुसलाई माफी दिन गरिएको आग्रह अस्वीकार गर्दै आफ्ना कर्मचारीसँग माफी माग्नुपर्ने बताउनुभएको छ ।

# समुद्री डाकुद्वारा डुङ्गा अपहरण

एएफपी

कोलम्बो । सन्दिग्ध सोमालियाली समुद्री डाकुहरूले हिन्द महासागरमा डुङ्गामा सवार चालक दलका छ सदस्यसहित डुङ्गालाई अपहरण गरेको कोलम्बोको नौसेनाले आइतबार जनाएको छ ।

श्रीलङ्काली नौसेनाका प्रवक्ता गायन विक्रमासूरियाले लोरेन्जो पुथा-४ लाई सोमालियाली राजधानी मोगादिसुबाट करिब ८४० नटिकल माइल दक्षिणपूर्वमा शनिबार नियन्त्रणमा लिइएको जानकारी दिनुभयो । यमनको इरान समर्थित हुथी विद्रोहीसमूहले प्यालेस्टाइनी लडाकू समूह हमासविरुद्ध इजरायलले गरेको युद्धको प्रतिक्रियास्वरूप रेड सी र एडेनको खाडीमा इजरायलसम्बद्ध जहाजहरूलाई लक्षित गरी सयौं आक्रमणहरू गरेका छन् ।

सन् २०१७ को डिसेम्बरमा सोमाली समुद्री डकैतीको पहिलो सफल घटना रेकर्ड भएपछि अन्तर्राष्ट्रिय नौसैनिक बललाई एडेनको खाडीबाट उत्तरतर्फ रेड सीमा डाइभर्ट गरिएको छ ।"श्रीलङ्काले संयुक्त समुद्री सेनालाई सचेत गराएको छ," विक्रमासूरियाले अन्तर्राष्ट्रिय समुद्रीडकैतीविरोधीगठबन्धनलाई सङ्केत गर्दै एएफपीलाई बताउनुभयो ।

उहाँका अनुसार छिमेकी मुलुक भारतको नौसेनाले अनुसन्धानका लागि युद्धपोत पठाइसकेको छ भने श्रीलङ्काको नौसेनाले पनि उक्त क्षेत्रमा तैनाथ गर्नका लागि युद्धक जहाज तयार गरिरहेको छ ।सन् २०११ मा सोमालियाली तटमा समुद्री डाकूहरूको आक्रमण चरम बिन्दुमा पुगेको थियो र बन्दुकधारीहरूले हिन्द महासागरको सोमाली तटबाट तीन हजार ६५५ किलोमिटर (दुई हजार २७० माइल) टाढासम्म आक्रमण गरेका थिए ।

# बिहारका मुख्यमन्त्री नितिश कुमारद्वारा पदबाट राजीनामा

एएनआइ

पटना । बिहारका मुख्यमन्त्री तथा जनता दल (युनाइटेड)का अध्यक्ष नितिश कुमारले आइतबार पटनास्थित राजभवन पुगेर राज्यपाल राजेन्द्र अर्लेकरलाई आफ्नो राजीनामा बुझाउनुभएको छ ।

राजभवनमा राज्यपाललाई भेटेर नितिशले भन्नुभयो, "हामीले राज्यमा महागठबन्धनसँग सम्बन्ध तोड्ने निर्णय गरेका छौं । नितिशले भाजपा नेतृत्वको राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) मा पुनः सामेल हुने र राज्यमा 'महागठबन्धन' शासनको अन्त्य गर्ने चर्चा चलिरहेकै बेला यो घटना भएको हो ।

पूर्व मुख्यमन्त्री तथा राष्ट्रिय जनता दल (आरजेडी) प्रमुख तथा पूर्व मुख्यमन्त्री लालु यादवकी छोरी रोहिणी आचार्यले सामाजिक सञ्जालमार्फत् जारी एक पोस्टमा उहाँले जेडियूमाथि कटाक्ष गर्दै



भन्नुभयो, "समाजवादी पार्टीले आफूलाई प्रगतिशील समूहको रूपमा प्रस्तुत गर्छ, तर यसको विचारधारा बदलिँदो वायुको ढाँचासँग परिवर्तन हुन्छ । नितिशको यो निर्णयले उहाँको सत्ता समिकरणका लागि चौँथो अभ्यास (गठबन्धन) हुनेछ ।कूल २४३ सदस्यीय बिहार विधानसभामा आर जेडीसँग ७९ विधायक छन् भने भाजपासँग ७८ विधायक छन् ।

विधानसभामा जेडीयू ४५, काङ्ग्रेस १९, भाकपा (एम-एल) १२, हिन्दुस्तानी अवाम मोर्चा (सेक्युलर) को चार र सीपीआई (एम) र भाकपाको एक/एक सदस्य छन् ।

एआईएमआईएम अन्य दुई सिट र एक स्वतन्त्र सदस्य रहेका छन् । आचार्यले एक नयाँ पोस्टमा साम्प्रदायिक शक्तिविरुद्ध आफ्नो संघर्ष मृत्युपर्यन्त जारी रहने बताउनुभएको छ ।

"साम्प्रदायिक शक्तिविरुद्ध हाम्रो लडाइँ सास रहेसम्म जारी रहनेछ," उहाँले ट्वीटरमा लेख्नुभएको छ ।

# भारतमा मन्दिर भत्किँदा एक महिलाको मृत्यु, १७ जना घाइते

एएफपी

नयाँदिल्ली । भारतको राजधानी नयाँदिल्लीमा भक्तजनका लागि बनाइएको मञ्च एक्कासि भत्किँदा एक महिलाको मृत्यु हुनुका साथै १७ जना घाइते भएका छन् ।"आइतबार बिहानै हामीलाई कालकाजी मन्दिरको एउटा स्टेज भत्किएको खबर आयो । तत्काल उद्धार टोली घटनास्थलमा पुगेको छ," स्थानीय प्रहरी अधिकारीले भने ।



घाइतेहरूलाई विभिन्न अस्पतालमा भर्ना गरिएको र उनीहरूको अवस्था स्थिर रहेको प्रहरीले जनाएको छ ।घटनापछि कार्यक्रमस्थलमा भागदौड मच्चिएको थियो र मानिसहरु भागेर आत्तिएर चिच्याइरहेका देखिन्थे ।प्रहरी अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले मन्दिरमा बिना अनुमति धार्मिक कार्यक्रम आयोजना गरिएको जनाएका छन् ।कार्यक्रममा महिला र बालबालिकासहित एक हजार ६०० भन्दा बढीको सहभागिता रहेको थियो ।

भिडिओमा घटनास्थल खचाखच भरिएको देख्न सकिन्छ । प्रारम्भिक अनुसन्धान अनुसार मान्छेको वजन धान्न नसकेर मन्दिरको अगाडि बनाइएको स्टेज भत्किएको थियो ।दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले ती महिलाको निधनप्रति दुःख व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ । उहाँले यस्ता ठूला कार्यक्रम आयोजना गर्दा सुरक्षा नियम पालना गर्न आग्रह गर्नुभयो ।

# बाँझो जगगामा ओखरखेती



टुडे समाचारदाता

बलेवा। बसाईंसराइका कारण बाक्लो बस्ती पातलिँदै गएपछि केही वर्ष अघिसम्म लहलह भुल्ने खेतबारी अहिले बाँझै छन्। बाँझो फोड्ने जनशक्ति पनि गाउँमा कहाँ छ र? बलियाबाङ्गा विदेशिएकाले बुढाबुढी र केटाकेटी मात्र गाउँमा छन्। जसोतसो खेती लगाउँ भने पनि घरघर डुल्ने बाँदरबाट जोगाउनै मुस्किल भएपछि अधिकांश गाउँबसीको यही नै साझा पिरलो भएको छ।

गाउँमा खेती जोगाउन र बाँझो जग्गाको उपयोग गर्न खोज्नेहरूले अहिले पनि बाँदरले नखाने खेती के हुन्छ भनेर खोजी गरिरहेका छन्।

यसै क्रममा बागलुङ नगरपालिका-५ मालिकादेखि वडा नं ९ तित्याङको उच्च भेगका किसान अहिले ओखर र किवी खेतीमा तानिएका छन्। किसानको मागअनुसार बागलुङ नगरपालिकाले चालु आर्थिक वर्षमा नगरका पाँच वडामा ओखरखेतीको सुरुआत गर्न लागेको छ।

यो वर्ष नै एक हजार तीन सय ५० बिरुवा किसानलाई उपलब्ध गराइने नगरपालिकाको कृषि शाखा प्रमुख सुवास सापकोटाले बताए। बजारमा दाँते ओखरको माग उच्च छ। स्थानीय बजारमै पठाउन सकिने भएकाले पनि किसानले ओखरको माग गरेको उनको भनाइ थियो। नगरपालिकाको वडा नं ५ देखि ९ सम्म एक हजार छ सय मिटरभन्दा माथिको भूभागमा यो खेती गर्ने नगरपालिकाले योजना बनाएको छ।

"किसानको मागका आधारमा ५० प्रतिशत अनुदानमा ओखरखेती कार्यक्रम सञ्चालन गर्न थालिएको हो। अधिकतम बाँझो जग्गा उपयोग गर्ने र किसानलाई आम्दानीसँग जोड्ने हाम्रो अभियान हो", शाखाप्रमुख सापकोटाले भने, "कास्मिरी थिनलेस जातको ओखर लगाउने तयारी छ। बैतडी जिल्लामा उत्पादन भएका बिरुवा बागलुङ ल्याएर लगाउने तयारी भइरहेको छ। बाँदरले कम क्षति गर्ने भएकाले किसानको उच्च माग मागलाई हामी कार्यान्वयनमा ल्याउने सोचमा छौँ।"

ओखरसँगै किवी खेतीलाई पनि प्रवर्द्धन गरिने उनले बताए। यो वर्ष पाँच सय किवीका बिरुवा ५० प्रतिशत अनुदानमा उपलब्ध गराइने छ। फलफूल प्रवर्द्धन कार्यक्रमका लागि नगरले रु २० लाख विनियोजन गरेको छ। कूल बजेटको ७० प्रतिशत नयाँ बाली विस्तारमा खर्च गरिने छ। जैमिनी नगरपालिकामा पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले ओखर खेतीका लागि अनुदान दिएपछि किसानले परम्परागत खेती छाडेर ओखर खेती सुरु गरेका छन्।

"दैनिक स्याहार गर्नुपर्ने खेतीपाती लगाउन नसकिएकाले विकल्प खोज्दा ओखर खेती भेटियो। केही वर्षअघि परीक्षणका रुपमा लगाइएको ओखरले राम्रो फल दिएपछि ओखर खेती गर्न योजना बनाइएको हो," जैमिनी-३ का किसान प्रेमबहादुर छन्त्यालले भने, "मेरो बारीमा भएका दुईवटा बोटमा लटरम्म ओखर फलेको छ।

व्यावसायिकरुपमा खेती गर्दा फाइदा हुने देखिएपछि अहिले बिरुवा ल्याएर रोपेका छौँ।" उनीका अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले बिरुवामा अनुदानमा दिएपछि दाजुभाइ मिलेर ओखर लगाएका हुन्। यहाँका किसानले गठन गरेको छन्त्याल किसान समूहमा आवद्ध भएका तीन भाइले एकसय रोपनी जमिनमा परियोजनाले उपलब्ध गराएको बिरुवा रोपेका छन्। एक हजार दुई सय बिरुवा रोप्नका लागि रु १७ लाख खर्च भएको परियोजनाले जनाएको छ। खर्चमध्ये परियोजनाले रु १० लाख अनुदान दिएको थियो।

# नेप्सेमा सुधार

टुडे समाचारदाता

काठमाडौँ। गत साता निरन्तर ओरालो देखिएको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा यो सातामा कारोबारको पहिलो दिन भने दोहोरो अङ्कको सुधार देखिएको छ। आइतबार नेप्से परिसूचक १० दशमलव ३७ अङ्कले बढेर दुई हजार ९४ दशमलव ४६ को बिन्दुमा कायम भएको हो।

आइतबार तीन सय ६ कम्पनीको एक करोड सात लाख ५१ हजार एक सय ६४ कित्ता शेयर एक लाख सात सय ८२ पटक खरिद बिक्री हुँदा रू तीन अर्ब ८३ करोड ३७ लाख ७६ हजार पाँच सय ८० बराबरको कारोबार भएको छ। आइतबार बैंकिङ समूह शून्य दशमलव ०९, होटल तथा पर्यटन समूह एक दशमलव ८६, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ४९ र म्युचुअल फन्ट शून्य दशमलव ०४ प्रतिशतले घटेको छ। अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै जलविद्युत् समूह एक दशमलव ३३ र अन्य समूह एक दशमलव ३२ प्रतिशतले बढेको छ। मिड सोलु हाइड्रोपावर लिमिटेड र माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने चन्द्रागिरि हिल्स लिमिटेडको शेयर मूल्य ९ दशमलव ८९ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३३ करोड ५३ लाख ४५ हजार आठ सय ८७ बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा डादी ग्रुप पावर लिमिटेडको छ लाख ९० हजार एक सय २२ कित्ता शेयर किनबेच भएको छ।

# च्याउखेतीमा लगानी

टुडे समाचारदाता



त्रिवेणी। बिहान उठेपछि साँझसम्म च्याउको रेखदेख गर्ने, च्याउ टिप्ने र हाटबजार लगेर बेच्ने टीकाप्रताप सेन ठकुरीको दिनचर्या बनेको छ। छपन्न वर्ष पुग्नुभएका नवलपरासी (बर्दघाट) सुस्तापूर्व नवलपुरको कावासोती-८ का उनले च्याउ खेतीबाट राम्रो आम्दानीसमेत गर्दै आउनु भएको छ। पाँच वर्ष अघिदेखि च्याउ खेती सुरु गर्नु भएका ठकुरीको अहिले बाह्रवटा टनेलमा च्याउ उत्पादन भइरहेका छन्।

सुरुमा घरमा दुईवटा टनेलमा च्याउ खेती प्रारम्भ गर्नुभएका उनले च्याउ खेतीमा आम्दानी लिन सकिन्छ भन्ने थाहा भएपछि घर नजिकै दसकठ्ठा जग्गा भाडामा लिएर खेती विस्तार गर्नुभएको हो। घरमा दुई र भाडाको जग्गामा दस वटा टनेल बनाएर च्याउ उत्पादन गरिरहेको ठकुरीले बताए। एक पटक लगाइएको एउटा च्याउ उत्पादन गर्ने पोकाबाट सात/आठ पटक च्याउ टिप्न सकिने उनीको भनाइ थियो। गत वर्ष करिब पाँच क्वीन्टल च्याउ बिक्री गर्नुभएको ठकुरीले यसवर्ष बाह्र क्वीन्टलको हाराहारी उत्पादन गरी बिक्री गर्ने लक्ष्य लिनुभएको छ। यसपटक धेरै च्याउ उमार्ने गरी काम गरिएको र उत्पादित च्याउ कावासोतीकै बजारमा खपत हुँदै आएको ठकुरीको भनाइ थियो।

यसवर्ष रु २० लाख बराबरको च्याउ बिक्री गर्ने योजनाअनुसार काम गरिरहनुभएका उनले खर्च रु एक लाख हुने र खर्च कटाएर रु दस लाखसम्म आम्दानी लिने लक्ष्य रहेको बताए। च्याउ उत्पादन धेरै हुँदा सुकाएर मसरूम सुपका लागि पोका बनाएरसमेत बिक्री गर्ने गर्ने गरिएको छ। मसरुम सुप तयार पार्ने मेसिन खरिद गरिएको र उत्पादन धेरै हुँदा प्याकेट पारी बिक्री गर्ने गरिएको छ। च्याउ फार्ममा दुई कामदारसमेत छन्। त्यसबाहेक छोराले पनि च्याउ उत्पादन तथा बिक्रीमा सहयोग पुऱ्याउँदै आएको उनले बताए।

पहिले भारत र नेपालमा गाडी चालकका रुपमा काम गर्नुभएका ठकुरी त्यो काम छाडेर केरा खेतीमा लाग्नुभयो। केरा खेतीमा भनेजस्तो आम्दानी नभएपछि हाटबजारमा तरकारी खरिद बिक्री गर्न सुरु गर्नुभएका उनी पछि च्याउ खेतीमा लाग्नुभएको हो। छोरा ठूलो हुँदै गएपछि विदेश पठाउनु भन्दा यहीं नै केही पेसा गरौँ भन्ने लागेर च्याउ खेतीगर्न सुरु गरिएको ठकुरीको भनाइ थियो। "छोराको पनि उमेर पुगेपछि विदेश पठाउनुपर्थ्यो, विदेशमा राम्रै हुन्छ भन्ने ग्यारेन्टी थिएन, के गर्ने भन्ने विकल्प खोज्दै जाँदा यता लागियो" उनले भने, "अहिले छोराले पनि यसैमा साथ दिएको छ, आम्दानी पनि राम्रै छ, च्याउ खेती गर्ने रहर पुगेको छैन। यसका लागि लागि कृषि ज्ञान केन्द्रले बीउ खरिदमा रु एक लाख सहयोग गरेको छ।"

# आरन व्यवसाय सङ्कटमा

टुडे समाचारदाता



ढोरपाटन। फलामबाट विभिन्न औजार निर्माण गर्ने आरन व्यवसाय पछिल्लो केही समययता सङ्कटमा पर्न थालेको छ। पुर्खौंदेखि अङ्गाल्दै आएको यो व्यवसाय पुस्तान्तरण हुन नसक्दा सङ्कटमा पर्दै गएको हो। आधुनिक उपकरणबाट निर्मित आयातित औजारले प्रभाव जमाउनु अघिसम्म आवश्यक देवीदेवताका मूर्तिदेखि घरायसी औजार आरनबाटै बनाइन्थ्यो।

विगतमा यो व्यवसाय ग्रामीण समाजमा निकै प्रचलित भएकामा अहिले आरनका साथै नयाँ पुस्ताले यसमा चासो नदिँदा संरक्षणमा चुनौती बढेको छ।

बागलुङको निसीखोला गाउँपालिका-३ का ७३ वर्षीय वीरबहादुर विकले अघिल्लो वर्षसम्म आरन सञ्चालन गरेरै जीविकोपार्जन गर्दै आउनुभएकामा बुढ्यौलीले गर्दा अहिले काम गर्न नसक्ने अवस्थामा पुग्नुभएको छ। उनीका दुई भाइ छोराले पनि सानैदेखि यो काममा चासो नै दिएनन्। घरेलु औजार बनाइदिएबापत गाउँलेबाट धान, गहुँ, मकैजस्ता खाद्यान्नको बाली उठाएर परिवारको गुजारा चलाउने गरिन्थ्यो। आफ्ले १०/१२ वर्षदेखि नै आरनमा काम गर्न सिके पनि अहिलेका युवाले यसप्रति चासो नदिएको उनीको गुनासो थियो।

"यो हाम्रो पुर्खौंदेखिको पेसा हो, मेरा बाउ, बाजे र जिजुबाले आरनको कामबाटै हामीलाई पालेका हुन्, हामी पनि त्यही काम गरेर यो उमेरसम्म आइपुगेका छौं, अहिले मेरा हात पाखुराले काम गर्न छोडे, आँखाले देख्न छोडे, त्यही भएर काम गर्न सकिएन," उनले भने, "मेरा नातिहरूले पनि यो पेसा गर्नतर्फ ध्यान दिएनन्, पहिले गाउँमा पनि धेरैले आरन चलाएका थिए, अहिले त धेरै घटे, यो पेसा बचाउन नसकिने भयो।"

निसीखोला-४ का ६५ वर्षीय हीरामान सुनारको आरन व्यवसायबाटै परिवार अहिलेसम्म जसोतसो चल्दै आएको छ। उनले लामो समय बालीघरेको रुपमा कामसमेत गर्नुभयो। बालीघरे बनेर काम गर्दा निकै दुःख खेप्नु परेको नमिठो अनुभव पनि हीरामानले सुनाए।

पहिले-पहिले गाउँसँगै बजारमा पनि आरन व्यवसाय व्यापक मात्रामा सञ्चालन हुने गरेकोमा अहिले निकै कम भएको उनको भनाइ थियो।

सुनारले आफूले दुई दशक बढीसमयसम्म बालीघरेका रुपमा काम गर्दा धेरै समस्या भोग्नु परेको हीरामानले बताए। अहिले आरन व्यवसायका लागि चाहिने गोलको पनि अभाव हुँदै गएको छ। बजारमा थुप्रै रेडिमेड फलामका सामग्री पाउन थालेपछि आरनमा बनाइएका फलामका सामग्रीको प्रयोग घट्नाका साथै बालीघरे प्रथा नरहेको उनको भनाइ थियो। निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीले सबै पेसालाई संरक्षण गर्न गाउँपालिकाले आवश्यक सहयोग गरिरहेको बताए। पछिल्लो समय ग्रामीण क्षेत्रमा प्रचलित धेरै व्यवसाय धरापमा पर्दै गएकाले त्यसलाई संरक्षण गर्न अनुदान दिनाका साथै आधुनिकीकरण गर्न र नयाँ पुस्तालाई यसप्रति आकर्षित गरेर स्वरोजगार बनाइने उनको भनाइ थियो।

# स्याउ व्यवस्थापनबारे जानकारी दिँदै कृषि प्रविधिक

टुडे समाचारदाता



जुम्ला। यहाँका किसान यो याममा स्याउका बगैँचा काँटछाँट तथा बगैँचा व्यवस्थापन गर्नका लागि कृषि विकास कार्यालयका कृषि प्रविधिक बगैँचामा पुगेर किसानलाई जानकारी दिनेदेखि सिकाउनमा लागिपरेका छन्।

कृषि विकास कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा यहाँको तिला गाउँपालिका-१ का स्याउ किसानका बगैँचामा पुगेर बगैँचा काँटछाँट तथा स्याउ व्यवस्थापनबारे जानकारी किसानलाई दिने गरेको कृषि विकास कार्यालयका कृषि प्रविधिक सुस्मा बुढाले जानकारी दिए।

किसानलाई बगैँचा काँटछाँट तथा उपयुक्त स्याउ व्यवस्थापन गर्न राम्रोसँग जानकारी छैन। कार्यालयले यहाँका सबै स्थानीय तहमा कृषि प्रविधिक खटाएको छ। स्याउ किसानलाई राम्रोसँग बगैँचा काँटछाँट तथा व्यवस्थापन गर्न सिकाउनेदेखि थप प्रविधिक ज्ञान दिने गरेको कार्यालयका कृषि प्रविधिक बुढाको भनाइ छ।

यहाँका स्याउ किसान त्यतिबेला स्याउ बगैँचा काँटछाँट तथा व्यवस्थापनमा व्यस्त हुने गरेको तिला-१ का स्याउ किसान परी रावलले बताए।

"स्याउको बगैँचा समयमै व्यवस्थापन नगरे स्याउ कम फल्छ, स्याउ कम फलेको खण्डमा हाम्रो आम्दानीको स्रोत हुँदैन, समयमै स्याउ काँटछाँट गर्न लागिपरेको छु, अहिले कृषि विकास कार्यालयबाट प्रविधिकले बगैँचामा पुगेर स्याउ काँटछाँट गर्न सिकाउनुभएको छ", स्याउ किसान रावतले भने।

जिल्लामा खासगरी पुसदेखि माघको अन्त्यसम्म स्याउका बिरुवा लगाउने र स्याउको बगैँचा काँटछाँट गर्ने समय हो। धेरैजसोलाई प्राविधिक ज्ञान नहुँदा बगैँचा काँटछाँट तथा व्यवस्थापन राम्रोसँग गरेका छैनन्। अहिले कृषि प्रविधिकबाट बगैँचा काँटछाँट तथा व्यवस्थापन गर्न किसानलाई थप प्रविधिक ज्ञानबारे जानकारी दिएकाले सहज भएको स्याउ रावतको भनाइ छ।

स्याउका बिरुवा लगाउँदा कृषि प्राविधिकको सल्लाहअनुसार रोप्दा र समयमै बगैँचा व्यवस्थापन गरे गुणस्तरीय फल र बगैँचा राम्रो देखिने कृषि विकास कार्यालयका प्रमुख बालकराम देवकोटाले जानकारी दिए। जिल्ला कृषि विकास कार्यालयले कार्य क्षेत्रभित्रका अधिकांश किसानका बगैँचामै स्याउ बगैँचाको व्यवस्थापन गर्न सिकाउन थालिएको छ।

कार्यालयको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कार्यक्रमअनुसार स्याउ बगैँचा व्यवस्थापनअन्तर्गत किसानलाई चुना र निलोथुतो पनि वितरण गरिएको कृषि विकास कार्यालयका कृषि प्रविधिक बताउँछन्। जिल्लामा चार हजार दुई सय हेक्टर क्षेत्रफलमा स्याउखेती भएकामध्ये करिब एक हजार छ सय ५० हेक्टर क्षेत्रफलमा मात्र स्याउले फल दिने गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण स्याउ सुपरजोन परियोजना कार्यान्वयन एकाइले जनाएको छ।

# एक अर्बको लागतमा एकीकृत कृषि तथा पशुपक्षी सेवा केन्द्र

टुडे समाचारदाता

काठमाण्डु। सरकारले करिब रु एक अर्बको लागतमा विभिन्न ३० पालिकामा एकीकृत कृषि तथा पशुपक्षी सेवा केन्द्र निर्माण गरेको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयले ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनामार्फत सेवा केन्द्र निर्माण गरेको हो।

आयोजना प्रमुख चन्द्रप्रसाद रिसालले प्रत्येक पालिकामा करिब रु तीन करोडको लागतमा निर्माण गरिएको अत्याधुनिक



प्रविधि तथा सुविधासम्पन्न ती केन्द्र चालु आर्थिक वर्षभित्र सम्बन्धित पालिकालाई हस्तान्तरण गर्ने जानकारी दिए। उनले आगामी आर्थिक वर्षदेखि थप १० पालिकामा केन्द्र निर्माण गरिने योजना रहेको बताए।

ग्रामीण उद्यम तथा आर्थिक विकास ग्रामीण उद्यमशीलता विकासलाई प्रोत्साहित गर्न आयोजनाले प्रमुख आर्थिक करिडोर क्षेत्रका साना कृषि उत्पादक तथा खरिदकर्ताबीचमा उत्पादनमूलक साझेदारी तथा बजार सम्बन्धको विकासमार्फत बजार पहुँच सुदृढ गर्न सहजीकरण गर्ने छ। कृषि तथा पशुपक्षी विकासका लागि आवश्यक नीतिगत खाका, आवश्यक संरचना निर्माण र क्षमता विकासलगायत अन्य सहयोगी सेवामार्फत उपयुक्त उद्यमशीलताको वातावरण निर्माण गर्नसमेत सहयोग पुर्याउने उद्देश्य आयोजनाले राखेको छ।

उत्पादनमूलक साझेदारीलाई प्रवर्द्धन गर्ने उत्कृष्ट व्यावसायिक योजनालाई पूरक अनुदान, मागमा आधारित साना कृषि बजार केन्द्र निर्माण, मूल्य शृंखलासम्बन्धी आधारभूत संरचना निर्माण, प्रादेशिक बजार निर्माणका क्षेत्रमा लगानी विस्तार गर्दै आएको आयोजना प्रमुख रिसालले जानकारी दिए। कर्णाली प्रदेशबाहेकका सबै प्रदेशमा आर्थिक करिडोर जोडिएको छ।


मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, धनुषा

सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/१५

आ.व. २०८०/८१ मा कृषि ज्ञान केन्द्र धनुषाले कृषि बजार पूर्वाधार विकास कार्यक्रम संचालन गर्ने भएकोले इच्छुक कृषि समुह/कृषि सहकारी/जल, वन उपभोक्ता समिति/कृषि उद्यमीहरुले आवश्यक नकशा, डिजाइन, लागत अनुमान र आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अर्थात २०८०/१०/२९ सम्म) "कृषि बजार पूर्वाधार विकास कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि २०८०" को अनुसूची २ अनुसार प्रस्ताव तयार पारी सिलबन्दी गरी यस केन्द्रमा प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो प्रथम पटक सूचना प्रकाशित गरिएको छ। अनुदान रकम कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ अनुसार अधिकतम सिमा कायम हुनेछ। साथै यस विषयमा थप जानकारीको लागि फोन ०४१-५२०१४८ र केन्द्रको वेवसाईट akcdhanusha.gov.np मा सम्पर्क गर्न सकिनेछ।

**कार्यक्रमको नाम** : १. कृषि बजार पूर्वाधार विकास कार्यक्रम, २. प्रत्येक जिल्लाहरुमा एकीकृत बजार विकास कार्यक्रम, ३. बेली बजारमा पूर्वाधार निर्माण हंसपुर न.पा. ३

**निवेदन दर्ता हुने स्थान** : कृषि ज्ञान केन्द्र, धनुषा

**कृषि बजार पूर्वाधार विकासको लागि पालना गर्नुपर्ने मापदण्ड एवम् शर्तहरू**

क. प्रस्तावित पूर्वाधार निर्माणको लागि उपयुक्त हुने जग्गा एकिन भएको हुनुपर्ने
ख. निर्माण हुने संरचना अनुसार अनुसूची १ बमोजिम आवश्यक न्यूनतम क्षेत्रफल हुनुपर्ने।
ग. प्रस्तावित जग्गामा बाटो, ढल निकास, पानी तथा बिजुली जस्ता आवश्यक पूर्वाधार सुविधा पुगेको

**कृषि बजार पूर्वाधार विकासका लागि आवश्यक न्यूनतम क्षेत्रफल र आवश्यक संरचना**

| क्र.सं. | कृषि बजार पूर्वाधारको प्रकार | न्यूनतम आवश्यक क्षेत्रफल | आवश्यक संरचनाहरु |
|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र/कृषि हाट बजार | १ कठ्ठा | भण्डारण सुविधा, बजार शेड, शौचालय, खानेपानी |
| २ | कृषि हाट बजार संकलन केन्द्र सहितको | ३ कठ्ठा | बजार सेड, बजार सूचा केन्द्र, कार्यालय शौचालय, खानेपानी, भण्डारण सुविधा |
| ३ | प्रादेशिक कृषि बजार/थोक बजार | १० कठ्ठा | भण्डारण घर, एप्रोच सडक, बजार सेड, बजार सूचना केन्द्र, कार्यालय शौचालय, घेराबेरा, कार्यालय शौचालय, फोहोरमैला व्यवस्थापन सम्बन्धी संरचना |

कार्यालय प्रमुख

# तालाबन्दीले कामकाज प्रभावित

टुडे समाचारदाता

राजविराज । जनमत पार्टीले मधेश कृषि विश्वविद्यालयमा गरेको तालबन्दीका कारण विश्वविद्यालयको पठनपाठनलगायतका सम्पूर्ण कामकाज प्रभावित भएको छ । कृषि विश्वविद्यालयको शिलान्यासको विषयमा विवाद उत्पन्न भएपछि एकसाता अगाडि जनमत पार्टीका कार्यकर्ताले राजविराजस्थित कार्यालयमा तालाबन्दी गरेको थियो ।



माघ ७ गतेदेखि गरिएको तालाबन्दी अझै कायम रहँदा विश्वविद्यालयको पठनपाठन तथा सम्पूर्ण कामकाज प्रभावित भएको विश्वविद्यालयले जनाएको छ ।

एकसातादेखि तालाबन्दी हुँदासमेत खोल्नेतर्फ कसैले चासो नदेखाएको विश्वविद्यालयमा अध्यनरत विद्यार्थीहरु बताउँछन् ।

"विश्वविद्यालयको कार्यालयमा ताला लागेको छ, भिसि सर र रजिस्ट्रार सर सम्पर्कमा छैन, एक विद्यार्थीले भने, हामीले स्वच्छ वातावरणमा पढ्न पाएका छैनौं, राजनीति नेताहरू गर्छन्, यसमा हाम्रो के दोष, कार्यालय बन्द भएपछि हामीले हाम्रो समस्या कहाँ गएर सुनाउने । "

विश्वविद्यालयमा लागेको ताला खोलेर पठनपाठनको वातावरण मिलाइदिन विद्यार्थीहरुले आग्रह गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी किरण थापाले एकदुई दिनभित्र विश्वविद्यालयमा लगाइएको ताला खुल्ने बताए । उनले सरोकारवालाहरुसंग छलफल गरी छिटै निकास निकाल्ने प्रतिक्रिया दिए ।

सहमतिमै ताला खोल्ने पहल गर्दैछौं, सम्बन्धित व्यक्तिहरुसंग छलफल गरी निकास निकाल्ने सोचले केही समय लागेको हो, उनले भने, परिस्थिति सहजताका लागि प्रयास जारी छ, सहमति नजुटे बल प्रयोग गरेर भए पनि ताला खुल्छ । "

उनले ताला खोल्नेतर्फ विश्वविद्यालय प्रशासन, राजनीतिक दल, जनप्रतिनिधि, संचारकर्मीलगायत आमजनतालाई आ-आफ्नो क्षेत्रबाट सहयोगका लागि आग्रह गरे ।

यसबारे विश्वविद्यालयका उपकुलपति डा. बैधनाथ महतो र रजिस्ट्रार डा. भगवान ठाकुरलाई सम्पर्क गर्न खोज्दा फोन अफ रहेको थियो ।

गत माघ ८ गते जनमत पार्टीले विश्वविद्यालयको मूल गेटमा लगाएको ताला हालसम्म कायमै छ भने खोल्नेतर्फ सरोकारवाला निकायहरु बेखबर जस्तै देखिएका छन् ।

# मधेश प्रदेशको विकासमा भारतको सहयोग बढ्दै : मुख्यमन्त्री यादव

टुडे समाचारदाता

वीरगञ्ज । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले जनकपुर तथा मधेश प्रदेशको विकासमा भारतको सहयोग बढ्दै जाने आशा व्यक्त गरेका छन् ।



भारतको ७६औं गणतन्त्र दिवसका अवसरमा भारतीय महावाणिज्यदूतावासद्वारा आयोजित कार्यक्रममा मुख्यमन्त्री यादवले सो कुरा बताउँदै अयोध्यमा निर्माण भएको राममन्दिरले नेपाल भारतबीचको सम्बन्ध सिया-राममय भएको प्रसंग उल्लेख गरे ।

मुख्यमन्त्री यादवले अयोध्या जनकपुर कोरिडोरको विकाससँगै जनकपुरमा भारतीय पर्यटकको निश्चय नै वृद्धि हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अगुवाइको सरकारमा नेपाल भारतबीचको सम्बन्ध झन प्रगाढ भएको बताए ।

महावाणिज्य दूत देवी सहाय मीनाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा भारतका कलाकारहरुद्धारा विभिन्न मनमोहक नृत्य पनि प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य प्रदीप यादव, क्षेत्र नम्बर २का नेपाली कांग्रेसमा सांसद अजय चौरसिया, पूर्व मुख्यमन्त्री मोहम्मद लालबाबु राउत, प्रदेशका अर्थमन्त्री सञ्जय कुमार यादव, स्वास्थ्य मन्त्री वीरेन्द्र सिंह, खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता साहलगायत प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, विभिन्न स्थानीय तहका प्रमुख, वरिष्ठ उद्योगी, व्यवसायी, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

## केन्द्रीय समितिको बैठक सुरु

टुडे समाचारदाता

वीरगञ्ज । प्रेस सेन्टर नेपालको २० औँ स्थापना दिवसको तयारीका लागि केन्द्रीय समितिको बैठक आइतबारबाट सुरु भएको छ ।

प्रेस सेन्टर नेपालको पर्साको वीरगञ्जमा जारी राष्ट्रिय परिषद् बैठक वीरगञ्जको नगर सभा गृहमा केन्द्रीय समितिको बैठक सुरु भएको छ ।

आइतबार बसेको केन्द्रीय पदाधिकारीहरुको बैठकले केन्द्रीय समितिको बैठकमा राख्ने एजेण्डा तय गरिसकेको प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्ष एवं मधेस प्रदेश ईन्चार्ज गोबिन्द देवकोटाले जानकारी दिए ।

कार्यक्रममा देशभरिबाट ५ सय जना प्रेस सेन्टरका प्रतिनिधिहरुको सहभागिता रहेको छ । कार्यक्रमको अन्तिम दिन माघ आज प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले कार्यक्रममा सम्बोधन गर्ने कार्यक्रम पनि रहेको जनाइएको छ ।

प्रेस सेन्टर नेपालका केन्द्रीय पदाधिकारी, विभिन्न समिति र उप समिति सदस्यहरु, केन्द्रीय सदस्यहरु, जिल्ला, एशोसियटलगायतका कमिटीका अध्यक्ष तथा प्रदेश पदाधिकारीहरुको कार्यक्रममा सहभागिता रहेको छ ।

# मधेशमा कुष्ठरोग प्रमुख समस्या

टुडे समाचारदाता

बर्दिबास । मधेशमा कुष्ठरोग अझै पनि प्रमुख स्वास्थ्य समस्याको रुपमा रहेको देखिएको छ ।




७१ औं विश्व कुष्ठरोगविरुद्धको दिवसको अवसर पारेर मधेश प्रदेश स्वास्थ्य निर्देशनालयद्वारा आयाजित कार्यक्रममा मधेशका ८ वटै जिल्लामा गरी ९४५ जना कुष्ठरोगी रहेको जनाइएको छ ।

प्रदेश स्वास्थ्य निर्देशक डा. राजीव झाका अनुसार आव ०७९/८० को असारसम्म मधेश प्रदेशको राजधानीसमेत रहेको धनुषा जिल्ला यस रोगबाट सबैभन्दा बढी प्रभावित छ । धनुषामा १६७ जना कुष्ठरोगी पहिचान गरिएको उनले बताए । त्यस्तै, रौतहटमा १५३ जना, सर्लाहीमा १२३ जना, सिराहामा ११८, पर्सामा ११३, बारामा १०९ र सप्तरीमा सबैभन्दा कम ६८ जना कुष्ठरोगी रहेको जनाइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले प्रति १० हजार मानिसमा एक जनाभन्दा कममा यो रोग झारी निवारण गर्ने लक्ष्यलाई नेपालले पनि पछ्याउँदै आएको छ । तर प्रदेश स्वास्थ्य निर्देशनालयको यो तथ्याङ्कले मधेश प्रदेशमा प्रति १० हजारमा कुष्ठरोगको प्रकोप दर १ दशमलव ५ प्रतिशत देखाएको छ ।

"यो अवस्था चिन्ताजनक हो । यसको निवारणका लागि समुदायमा आधारित सघनरुपमा कार्यक्रम सञ्चालन गर्दै आएका छौं" प्रदेश स्वास्थ्य निर्देशक डा. झाले भने ।

कुष्ठरोगबाट महोत्तरीको अवस्था पनि उत्तिकै चिन्ताजनक रहेको तथ्याङ्कले देखाएको छ । स्वास्थ्य कार्यालय महोत्तरीका क्षयकुष्ठ अधिकृत उमेश यादवका अनुसार ०८० साल असारसम्म महोत्तरीमा कुष्ठरोगीको संख्या ८७ जना पुगेको छ । यसमध्ये सर्ने खाले ५७ जना रहेको उनले जानकारी दिए ।

यो संख्याले महोत्तरीमा कुष्ठरोगको प्रकोप दर १ दशमलव ४७ प्रतिशत रहेको यादवले बताए । यादवका अनुसार महोत्तरीका १५ स्थानीय तहमध्ये बर्दिबास र गौशालाबाहेक बाँकी १३ वटै पालिकामा यसको प्रकोप बढ्दो क्रममा छ ।

सबैभन्दा बढी एकडारा गाउपालिकामा ४ दशमलव ०९ प्रतिशत, औरहीमा ३ दशमलव १५ प्रतिशत, सम्सीमा २ दशमलव ०७ प्रतिशत, महोत्तरी गाउँपालिकामा २ दशमलव १९ प्रतिशत, मनरा सिसवामा १ दशमलव ८१, पिपरामा १ दशमलव ६९ बलवामा १ दशमलव ६५ प्रतिशतमा कुष्ठरोगी रहेको यादवले जनाए ।

बर्दिबास र गौशालामा भने प्रति दश हजारमा एक जनाभन्दा कम अर्थात शून्य दशमलव ७५ प्रतिशत र शून्य दशमलव ३४ प्रतिशत छ ।

प्रदेश स्वास्थ्य निर्देक डा. झाले समस्या बन्दै गएको कुष्ठरोग निवारणका लागि उपचार, निदान र प्रचारात्मक रुपमा प्रदेशभर अभियान सञ्चालन गर्दै आएको बताए ।

कुष्ठरोग निवारणका लागि सन १९९१ मा स्थापना भएको लालगढ कुष्ठरोग अस्पतालले स्थापनाको ३३ वर्षको अवधिमा नेपाल र भारतका गरी ४१ हजार कुष्ठरोगीको उपचार गरेको अस्पतालका सामुदायिक स्वास्थ्य तथा विकास विभाग प्रमुख रमेश चौधरीले बताए ।

'कुष्ठरोगसम्बन्धी गलत धारणाको अन्त्य गरौं, मर्यादित व्यवहार गरौं' भन्ने मूल नारासहित लालगढ कुष्ठरोग अस्पतालले विभिन्न स्वास्थ्य संस्थाको सहकार्यमा आइतबार ७१ औं कुष्ठरोगविरुद्धको दिवस मनाएको छ ।

# महावाणिज्य दूतावासद्वारा सरसफाइ तथा वृक्षरोपण



टुडे समाचारदाता

वीरगञ्ज । भारतको ७५औं गणतन्त्र दिवसको अवसरमा सरसफाइ तथा वृक्षरोपण गरिएको छ । गणतन्त्र दिवसको आवसरमा वीरगन्जस्थित महावाणिज्य दूतावासले स्वच्छ वाक कार्यक्रमको आयोजना गरी वीरगञ्जमा सरसफाइ तथा वृक्षरोपण गरेको छ ।

ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरको सहयोगमा वृक्षरोपण तथा सरसफाइ कार्यक्रम गरिएको छ ।भारतका महावाणिज्य दूतावास र ग्रीन सिटी सामुदायिकको संयुक्त आयोजनामा महावाणिज्य दूतावासबाट स्वच्छ वाक कार्यक्रम अर्न्तगत पैदल यात्रा गरी आदर्शनगर पुगेको जुलुस सरसफाइमा परिणत भएको थियो । साथै वीरगञ्ज महानगरपालिका वडा नम्बर १० आदर्शनगरको पुरानो बसपार्कमा वृक्षरोपण समेत गरिएको छ ।

कार्यक्रममा भारतीय महावाणिज्य दूत देवी सहाय मीना, जिल्ला प्रहरी कार्यालय पर्सा वीरगञ्जका प्रहरी उपारीक्षक कोमल शाह, सशस्त्र प्रहरी उपरीक्षक देबेन्द्र बहादुर सिँह, भारतीय महावाणिज्य दूतावासका राजनीतिक कन्सुलर शैलेन्द्र कुमार, मिडिया कन्सुलर शशिभूषण कुमार, ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जय प्रकाश खेतान, समाज सेवी, नागरिक समाज, विभिन्न संघ संस्थाका जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

# बचतकर्ताद्वारा प्रदर्शन



टुडे समाचारदाता

राजविराज । ग्लोबल बहुमुखी सहकारी संस्था लि. बाट बचतकर्ताहरुले ११ करोड भन्दा बढी रकम फिर्ता गर्न माग गर्दै आइतबार प्रदर्शन गरेका छन् ।

संस्थाका तत्कालीन अध्यक्ष सुखराम यादव र कार्यक्रम प्रवर्द्धक पंकज पोखरेलको हेलचक्रयाईले सहकारी संस्थासंगै बचतकर्ताको रकमसमेत डुबाएको भन्दै उनीहरुले प्रदर्शन गरेका छन् ।

बचतकर्ताहरुले करिब ११ करोड ८५ लाख रुपैयाँ फिर्ता गर्नुपर्ने मागसहित स्थानीय रंगशालामा जम्मा भइ "की त मारी दे, की त हाम्रो समस्या टारि दे, सहकारी पीडितलाई न्याय दे" लगायतका प्ले कार्ड बोकी नाराबाजी गर्दै महिला बचतकर्ताको उल्लेख्य सहभागितामा निस्केको जुलुस नगरपरिक्रमा पश्चात जिल्ला स्वास्थ्य कार्यालयमा पुगि धर्नामा परिणत भएको थियो ।

उनीहरुले तत्कालीन जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख विजय झाको दबाबमा खाता खोल्न लगाइएको भन्दै बचतकर्ता आमा समूहकी महिला स्वयमसेविकाहरुले दुई घण्टा स्वास्थ्य कार्यालयमा धर्ना समेत दिए । २६ हजार भन्दा बढी बचतकर्ताको जीवनभरको कमाई डुबेकाले बाध्य भइ आन्दोलन गर्नुपरेको बतचकर्ताहरुको गुनासो छ ।

बचतकर्तामध्येकाकेहीपालिकाहरुमा स्वास्थ्य चौकीमा खटिएका आमा समूहका स्वयमसेविकाहरु पनि छन् । उनीहरुले तत्कालीन जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख विजय झाले सोही सहकारीमा बचत गर्न दबाब दिएको भन्दै उनलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्ने माग गरेका छन् ।

## सिमरा सेजमा उद्योग सञ्चालन

टुडे समाचारदाता

बारा । सिमरास्थित सिमरा सेज शिलान्यास भएको ६ वर्षपछि उद्योग सञ्चालनमा आएको छ ।

वीरगञ्जका उद्योगी गुड्डु श्रीवास्तवले लक्ष्मी ग्रेनाइट इन्डस्टिज उद्योग स्थापना गरी सञ्चालनमा ल्याएका छन् । विशेष आर्थिक क्षेत्र प्राधिकरणका योजना शाखाका इञ्जिनियर अर्जुन पाण्डेले एक कार्यक्रमकाबीच उद्योगको उद्घाटन गर्दै लामो समयदेखि सिमरा सेजलाई उद्योग मैत्री वातावरण बनाउने र निर्यातमूलक उद्योगहरुको प्रवर्द्धन गर्ने उद्देश्यले काम भइरहेकोले उद्योग सञ्चालन गर्न सम्भव भएको बताए ।

उद्योगी श्रीवास्तवले करिब ५ महिनाको अवधिमा १२ करोड लगानीमा उद्योग स्थापना गरेको बताए । उद्योगमा ३५ जना सम्मलाई रोजगारी दिने उनले जानकारी दिँदै ५ वटा ब्लकहरु रहेको सिमरा सेजमा हाल ए ब्लकको ३४३ बिगाहा क्षेत्रफल मध्ये १६५ बिगाहा जग्गामा उद्योगका संरचनाहरु निमार्ण भइरहेको बताए ।

सेजले उद्योगका लागि आवश्यक भौतिक संरचनाहरु बैंक, बीमा, विद्युत् खानेपानी, भन्सार, सडक, नालालगायतका सम्पूर्ण भौतिक संरचनाहरु बनाएर उद्योगीलाई खाली जग्गा भाडामा लगाउने गर्दछ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमरा सेजमा ६ वर्षपछि उद्योगको उद्घाटन गरिएको छ ।

# निर्माण व्यवसायी संघमा मिश्र

टुडे समाचारदाता

राजविराज । निर्माण व्यवसायी संघ सप्तरीको अध्यक्षमा सतिष चन्द्र मिश्र फराकिलो मतले निर्वाचित भएका छन् ।



शनिबार सम्पन्न निर्वाचनको मगतणनाको परिणाम अनुसार २ सय ६ मत ल्याइ मिश्र अध्यक्ष पदमा निर्वाचित भएका छन् । मिश्र यस अघि संघको प्रथम उपाध्यक्ष थिए । उनका निकटतम प्रतिद्वन्दी संतोष कुमार दासले ८२ मत मात्र प्राप्त गरे ।

कार्यसमितिको अधिकांश पदमा पनि उनकै प्यानलका उम्मेदवार विजयी भएका छन् । निर्वाचन समितिका संयोजक राम अषिश प्रसाद साहका अनुसार संघको प्रथम उपाध्यक्षमा भुपेन्द्र यादव, द्वितीय उपाध्याक्षमा कैलाश प्रसाद देव, महासचिवमा अमृत लाल साह, सचिवमा प्रमोद कुमार मण्डल, कोषाध्यक्षमा दिवाकर सिह तथा सह कोषाध्यक्षमा उमेश प्रसाद यादव निर्वाचित भएका छन् ।

यसैगरि सदस्य पदमा जगदीश प्रसाद अर्याल, उदय श्रेष्ठ, प्रभाकर यादव, मो. अनवर अली, निलेश कुमार झा, मुकेश यादव, कृष्ण चन्द्र यादव, उमाकान्त साह, भुप नारायण यादव, रंजीत चौधरी, रामचन्द्र यादव, विष्णु प्रसाद देव र विजय कुमार रजक निर्वाचित भएका छन् ।

नयाँ कार्यसमितिको कार्यकाल २ वर्ष रहने निर्वाचन समितिका कानुनी सल्लाहकार सतिष दत्तले जानकारी दिए ।

कुल ३ सय १७ मतदाता रहेको संघको निर्वाचनमा २ सय ९७ मत खसेको थियो ।

समाचारदाता चाहियो
रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ ।
इमेल : jtodaynews@gmail.com

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न
- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- दम,हृदयरोग,मोटोपन,कोलेस्ट्रोल,रक्तचाप,मधुमेह जस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परिक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

आवश्यकता
जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।
कम्प्युटर अपरेटर - १ (एक) जना
सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

# चिसोले एकको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा एक जनाको चिसोका कारणले मृत्यु भएको छ ।

जनकपुरधामको वडा नं १० जानकी चोक एरियामा अन्दाजी ५०-५५ वर्षको जस्तो देखिने पुरुषको चिसोले मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन अवाले मृतक पुरुष जनकपुरधाममा विगत केही समय देखि मागेर खाने गरेको जानकारी दिए । सडकमा नै मागेर खाने तथा सुत्ने गरेका कारणले चिसो लागेर उनको मृत्यु भएको अनुमान गरिएको उनले बताए । मृत्यु भएको पुरुषको परिचय भने खुलेको छैन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८